मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## भोटेकोशीमा हराए मधेशका दुई युवा

**मधेशदृष्टि**
**सिन्धुपाल्चोक ।**
भोटेकोशी गाउँपालिका–४ हिन्दीमा मंगलबार बोलेरो दुर्घटना हुँदा दुई युवा बेपत्ता भएका छन् ।
अरनिको राजमार्गअन्तर्गत हिन्दीमा दिउँसो करिब साढे ३ बजे तातोपानीबाट बाह्बिसेतर्फ आउँदै गरेको बा२१च ७५४४ नम्बरको बोलेरो सडकबाट करिब २० मिटर तल भोटेकोशी नदीमा खसेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक माधवराज खरेलले जानकारी दिए ।
उनका अनुसार सर्लाही बरहथवा नगरपालिका–२ का २३ वर्षीय चालक राजेशकुमार कुसवाहले चलाएको बोलेरोमा रौतहट बौधिमाई नगरपालिका–१ का २५ वर्षीय राम प्रवेश महतो सहचालकका रुपमा सवार थिए । दुर्घटनापछि उद्धारक्रममा नदीले एक पुरुषको शव बगाएको र हाल चालक तथा सहचालक दुवै जनाको खोजतलास जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

● वर्ष ३ ● अंक २७६ ● २०८२ साल भाद्र ११ गते बुधबार ● Wednesday 27, August 2025 ● सूर्योदय: बिहान ५:४२ बजे ● सूर्यास्त: साँझ ६:३० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# मदिराको मातमा 'तँलाई मारे पनि मलाई केही हुन्न' भन्दै नांगेझार पारेर कुटपिट



यो तहको हिंसा हुनु खेदजन्य छ, यस्तो अपराध संरक्षण गरिनु हुन्न, कानूनबमोजिम हुने सबै कारबाहीका लागि मातहतमा निर्देश गरेको छु ।
**–उमाप्रसाद चतुर्वेदी, डिआइजी**
**मधेश प्रदेश प्रहरी**





**मधेशदृष्टि**
**बारा ।**
जनप्रतिनिधिको काम के हो ? जनतालाई सेवा प्रवाह दिने । तर जनप्रतिनिधिहरु बेलाबेला राक्षसीरुपमा प्रस्तुत हुँदा देशभरका जनप्रतिनिधिको शिर निहुरिने अवस्था बन्छ । स्थानीय तहको २०७९ मा भएको निर्वाचनको चौथो वर्ष पार हुँदै गर्दा देशभरका जनप्रतिनिधिहरुको
नमूना–नमूनाका अपराधले कैयौँ स्थानीय तह खाली भए । अघिल्लो वर्ष मंसिरमा स्थानीय तहको उपनिर्वाचनपछि पनि धेरै स्थानीय तहका जनप्रतिनिधि हत्कडीमा बाँधिएपछि जनतालाई सास्ती त छदैँछ, भएका जनप्रतिनिधि पनि यस्तरी हर्कतमा आइदिन्छन् कि राजनीतिमा अझै पनि अपराध मिसिएको आभाष हुन्छ, कुरा सुन्दै जनताका ज्यान रिसले भारी हुन्छ, अझ दृश्य नै बाहिर आउँदा त भेट्न पाए 'क्वाइँक्वाइँ भुल्याउन पाए हुने' भनेजसरी जनताका रौँ रिसले ठाडो हुने गर्छ ।
यस्तै एउटा क्रूर र माफी दिन पनि लायक नभएको, मानवसभ्यताकै कलंकको दृश्य बाहिरिएको छ प्रसौनी गाउँपालिका–६ बाट । वडाध्यक्ष बृजकिशोर कुशवाहाले शिक्षकलाई बन्धक बनाएर नांगै पारेर कुटपिट गरेका छन् । ९ जनाको समूहले गरेको कुटपिटको भिडियो वडाध्यक्ष कुशवाहाकै मोबाइलमा कैद भएको छ । उनले प्रहरीको बयानमा आफ्नै मोबाइलमा भिडियो खिचेको मात्र स्वीकारेका छैनन्, भनेका छन्, 'शिक्षकलाई नांगेझार पारेर कुटेकै हुँ, उनकै पाइन्टको खल्तीबाट पैसा निकालेर घरेलु मदिरा किनेर खाएको हुँ र अरुलाई पनि खुवाएर शिक्षक कुटेको हुँ ।'
पर्सा बहुदरमाई घर भई प्रसौनी–६ बेलहियामा बस्दै आएका शिक्षक नागेश्वर यादवलाई वडाध्यक्ष कुशवाहाको समूहले वडा कार्यालयमै बन्धक बनाएर मदिरा सेवन गरेर कुटपिट गरेका हुन् । शिक्षक यादवलाई पाता फर्काएर हात बाँधेर कुटपिट गरिएको भिडियो बाहिरिएपछि धेरैको नजरमा जनप्रतिनिधिप्रति विश्वास टुटेको छ । पिटिएका यादव स्मार्ट कोचिङका शिक्षक हुन् । यो घटना साउन २८ गतेको हो ।
केही व्यक्तिले उनलाई समातेर लगेपछि वडा कार्यालयमा बन्धक बनाएर वडाध्यक्ष कुशवाहासहितले कुटपिट गरेका हुन् । 'वडाध्यक्षले बोलाइरहेको भनेर समात्न आए । कलर समातेर लगेपछि वडाध्यक्ष कुशवाहाले नलकटुवा देखाएरभित्र बस्न भने । भित्र लगेर अर्धनग्न बनाए, हातखुट्टा बाँधे । ३–४ लात खुट्टाले हाने । त्यसपछि कुटपिट गरिरहे,' उनले भने ।
वडाध्यक्ष कुशवाहाले मादक पदार्थ सेवन गरेका थिए । कुशवाहासहित अरु ८ जना बसेर रक्सी खाँदै कुटपिट भएको थियो । कुशवाहाले सादा कागजातमा जबजरजस्ती औँठाछाप र हस्ताक्षर गराएको, मारेर फाल्नेसम्मको धम्की दिएको यादवले बताए । 'म मधेशको रमेश खरेल हुँ, तँलाई मारे पनि मलाई केही हुन्न भन्दै कुटे,' यादवले भने, 'पहिला शिक्षक पवन सिंहको नाक भाँच्दा त ७ दिन भन्दा बढी कारबाही भएन भने मलाई कसले के गर्न सक्छ भन्दै कुटिरहे, मेरै पैसा निकालेर मदिरा मगाएर खाइरहे, किनभने मलाई सादा कागजमा हस्ताक्षर गराइसकेका थिए ।'
घटनापछि यादव जिल्ला प्रहरी कार्यालय बारामा जाहेरी दिन पुगे । परीक्षा अभ्यासका लागि प्रश्नपत्रको फोटोकपी गराइरहेका बेला अध्यक्ष कुशवाहाको समूहले समातेर लगेको पीडित शिक्षकले दिएको जाहेरीमा उल्लेख छ ।
प्रहरीले वडाध्यक्ष कुशवाहालाई पक्राउ गरेर शरीर बन्धक तथा कुटपिट मुद्दामा कारबाही अघि बढाएको छ । उनलाई पहिला दुई पटक ४–४ दिनको म्याद थप भएपछि थप ५ दिनको म्याद थपेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । प्रसौनी गाउँपालिका अध्यक्ष विनोदप्रसाद जयसवालले प्रहरीमा पीडितले जाहेरी दिएलगत्तै वडाध्यक्षलाई पक्राउ गरेर अनुसन्धान भइरहेको बताए ।

### • को हुन् कुशवाहा ?

प्रसौनी–६ का बृजकिशोर कुशवाहा नेकपा माओवादी केन्द्रबाट वडाध्यक्षमा निर्वाचित भएका चरम विवादित पात्र हुन् । यो घटना बाहिरिएपछि माओवादीले उनलाई ६ महिनाका लागि पार्टीबाट निलम्बन गरिसकेको छ ।
घटना भएको दिन वडा कार्यालयमा कुशवाहा र उनको टोलीले अक्षम्य अपराध गरेकै थियो । उनीहरुले गाँजासमेत सेवन गरेर कुटपिट गरेको पाइएको छ । यसअघि पनि कुशवाहाले एउटा माविका शिक्षक पवन सिंहलाई नाक भाँच्चिने गरी कुटपिट गरेका थिए । त्यतिखेर उनलाई ७ दिन कैद र जरिवाना भएपछि पैसा तिरेर मुक्त भएका थिए ।
उनी विभिन्न चेक बाउन्सका मुद्दामा पनि जोडिएका पात्र हुन् । उसो त पर्साका हिन्दूवादी नेता काशीनाथ तिवारीको हत्या मुद्दामा पनि कुशवाहा जोडिएका पात्र हुन् । पर्सा प्रहरीमा यो मुद्दा चलिरहेकै छ । उनी तिवारी हत्याकाण्डमा केही दिन प्रहरी हिरासतमा पनि बसेका थिए । राजनीतिक मुद्दा भएकाले उनी मुक्त भए । वडाध्यक्ष कुशवाहाको व्यवहारबारे मानवअधिकार आयोगमा पनि उजुरी परेको छ ।
यो घटनाले सिंगो मधेश नै लज्जित भएको छ । मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक (डिआइजी) उमाप्रसाद चतुर्वेदीले भने, 'यो तहको हिंसा हुनु खेदजन्य छ, यस्तो अपराध संरक्षण गरिनु हुन्न, कानूनबमोजिम हुने सबै कारबाहीका लागि मातहतमा निर्देश गरेको छु ।'

# बालेनविरुद्ध कबाड व्यवसायीको विद्रोह



**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाको ज्यादतीबिरुद्ध कबाड व्यवसायीले मंगलबार दोस्रो दिन पनि आन्दोलन जारी राखेका छन् । भृकुटीमण्डपबाट शुरु भएको कबाड व्यवसायीको प्रदर्शन कमलादीस्थित काठमाडौँ महानगरपालिकाको कार्यालय घेराउ गर्न पुगेको थियो ।
कबाड व्यवसायी संघर्ष समितिका अध्यक्ष रामकेवल गुप्ताले सर्वोच्च अदालतको आदेशविपरीत काठमाडौँ महानगरका प्रमुख बालेन्द्र शाहले कबाड व्यवसायीमाथि ज्यादती गरिरहेकाले शान्तिपूर्ण आन्दोलनमा उत्रिएको बताए ।
'सर्वोच्च अदालतको आदेशविपरीत काठमाडौँ महानगरपालिकाका मेयर बालेन शाहले कबाड व्यवसायमा तोडफोडसहितको अत्याचारबिरुद्ध कबाड व्यवसायीले शान्तिपूर्ण आन्दोलन गरिरहेको छ,' गुप्ताले भने, 'म बालेन साहलाई प्रश्न गर्न चाहन्छु, के तिमी सर्वोच्च अदालतभन्दा माथि छौ ? के अदालतले दिएको आदेश तिमीले पालना गर्नुपर्दैन ? कानूनी शासनको कुरा गर्नेले कानून मान्नुपर्छ कि पर्दैन ?'
सर्वोच्च अदालतले दिएको आदेशको पालना गर्ने प्रतिबद्धता बालेनले नगरेसम्म शान्तिपूर्ण आन्दोलन जारी रहने उनले बताए । कानून पालना गर्ने सवालमा बालेनलाई घुँडा नटेकाएसम्म आन्दोलन जारी रहने उनले जनाएका छन् ।
हिजोबाट शुरु भएको कबाड व्यवसायीको आन्दोलन सशक्त बन्दै गइरहेको छ । शान्तिपूर्ण आन्दोलन गरिरहेका आन्दोलनकारीले 'सर्वोच्च अदालतको आदेश पालना गर, कबाड व्यवसायीमाथिको अत्याचार बन्द गर, बालेनको गुण्डागर्दी एवम् तोडफोड बन्द गर, बालेन तेरो पाराले दुख पायो साराले' लगायतका नारा लगाएका छन् ।
कबाड व्यवसायी विभिन्न ५ बुँदे माग राख्दै आन्दोलनमा उत्रिएका छन् । उनीहरुले आफूहरुको माग पूरा नभएसम्म आन्दोलन जारी रहने जनाएका छन् । संविधानले दिएको पेशा व्यवसाय गर्न पाउने हक अधिकारको ग्यारेन्टी गर्नुपर्ने, कवाड व्यवसायी, संकलक र मजदुरमाथि काठमाडौँ महानगरबाट भइरहेको कुटपिट, अपहरण, ज्यादती, र संरचना भत्काउने कार्य तत्काल रोकिनुपर्ने, ज्यादतीमा संलग्न काठमाडौँ महानगर प्रहरीलाई कानूनी कारबाही गर्नुपर्ने उनीहरुको माग छ ।
त्यसैगरी, कवाड व्यवसायी, संकलक र मजदुरको जिउधनको सुरक्षा सुनिश्चित गर्न सरकारले तत्काल हस्तक्षेप गर्नुपर्ने, विगत दुई वर्षमा काठमाडौँ महानगर प्रहरीले कवाड व्यवसायीमाथि पुर्याएको क्षतिको क्षतिपूर्ति दिनुपर्ने उनीहरुको माग छ ।

# उखुको रकम निकासा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारले उखु किसानलाई प्रोत्साहन, अनुदानवापतको रकम निकासा गरेको छ । अर्थ मन्त्रालयले ७५ करोड ४९ लाख ३८ हजार २ सय ४० रुपैयाँ निकासा गरेको हो । निकासा गरिएको रकम जिल्लास्थित कोष तथा लेखा नियन्त्रकको कार्यलयमार्फत किसानको बैंक खातामा भुक्तानी हुने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । मन्त्रिपरिषद्को बैठकले यसपटक उखु किसानलाई प्रतिक्विन्टल ३५ रुपैयाँ अनुदान उपलब्ध गराउने निर्णय गरे पनि प्राविधिक कारण जनाउँदै अर्थ मन्त्रालयले निकासा गर्न ढिलाइ गरेको थियो । रकम प्राप्त हुन नसक्दा उखु किसानले काठमाडौँ केन्द्रित आन्दोलन गर्दै आएका छन् । यसअघि उखु किसानले प्रतिक्विन्टल ७० रुपैयाँ प्रोत्साहनस्वरुप पाउँदै आएका थिए । कृषि मन्त्रालयले उखु किसानलाई यतिनै रकम उपलब्ध गराउन मन्त्रिपरिषद्मा प्रस्ताव लगेको भए ३५ रुपैयाँ उपलब्ध गराउने निर्णय भएको थियो ।
यसैबीच, काठमाडौँमा जम्मा भएका उखु किसान र कृषि मन्त्रालयका प्रतिनिधिबीच सिहंदरबारस्थित मन्त्रालयमा वार्ता भएको छ । वार्तामा मन्त्रालयका तर्फबाट कृषि विभागका उपमहानिर्देशक ललन कुमार सिंह, मन्त्रालयका उपसचिव लालकुमार श्रेष्ठ र मणिरत्न अर्याल र उद्योग मन्त्रालयका प्रतिनिधि सहभागी छन् । उखु किसानका तर्फबाट श्यामबाबु रायलगायत सहभागी छन् ।

### किसान सडकमा आउनु दुःखद

सत्तासाझेदार दल नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले उखु किसानको माग तुरुन्त सम्बोधन गर्न सरकारसँग माग गरेका छन् । मंगलबार सामाजिक सञ्जालमार्फत उनले उखु किसानहरू सडकमा आउनु दुःखद् भएको उल्लेख गरेका छन् । 'उखुको बोटसहित किसान सडक आन्दोलनमा आउनु अत्यन्त दुःखद् स्थिति हो । उनीहरूको माग तुरुन्त पूरा गरौँ', कोइरालाले लेखेका छन् । साथै उनले कृषिलाई सरकारले प्राथमिकतामा राखेको भनेर 'किताबमा लेखेर तथा भाषणमा बोलेर मात्रै हुन्छ र?' भन्ने प्रश्न पनि गरेका छन् ।

# इम्बोस्ड नम्बर प्लेटमा पछि हट्यो सरकार

**मधेशदृष्टि**
**जनकपुरधाम।**
कहिलेकहीँ सरकारले गरेको निर्णय अलोकप्रिय बनिदिन्छ र सरकार नै निर्णयबाट पछि हट्नु पर्छ । यसपटक इम्बोस्ड नम्बर प्लेट जडान नगर्ने सवारीधनीमाझ फैलिएको 'तत्काल जरिवाना हुने' भन्ने हल्लामा यातायात व्यवस्था विभागले खण्डन गरेको बहानामा यसलाई ऐच्छिक बनाएको छ । विभागले विज्ञप्ति जारी गर्दै तत्काल कसैलाई पनि जरिवाना वा कारबाही नगरिने स्पष्ट पारेको छ।
विगत केही समयदेखि सामाजिक सञ्जाल र विभिन्न माध्यममा असोज १ गतेदेखि इम्बोस्ड प्लेट जडान नगरे कारबाही र जरिवाना हुने भनेर अफवाह फैलिएको र त्यस्तो कुनै पनि निर्णय नभएको विभागको भनाइ छ।
विभागका अनुसार, यातायात व्यवस्था ऐन र नियमावलीमा आधारित रहेर इम्बोस्ड प्लेट जडानलाई अनिवार्य बनाइए पनि यसको कार्यान्वयनका लागि तत्काल कुनै जरिवाना वा कारबाही नगरिने भएको छ । विभागले सबै सवारीधनीलाई आफूलाई अनुकूल भएको समयमा इम्बोस्ड नम्बर प्लेट जडान गर्न अनुरोध गरेको छ।
इम्बोस्ड प्लेटबाट प्राप्त हुने तथ्याङ्क विदेशीको हातमा पुग्ने र राष्ट्रिय सुरक्षामा खतरा हुने भनी फैलिएको हल्लाप्रति विभागले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । विभागका अनुसार, सम्पूर्ण तथ्याङ्कहरू यातायात व्यवस्था विभाग परिसरमै रहेको सुरक्षित डाटा सेन्टरमा राखिएको र डाटाको सुरक्षा सुनिश्चितता गरिएको छ।

# वीरगंजमा थप ३ दिन विद्यालय बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले हैजा सङ्क्रमणलाई मध्यनजर गर्दै विद्यालयमा थप तीन दिन बिदा दिने निर्णय गरेको छ । महानगर शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेले मंगलबार बसेको नगर प्रमुखस्तरीय बैठकको निर्णयानुसार भदौ ११ देखि १३ गते शुक्रबारसम्मका लागि बिदा दिइएको बताए । त्यस अवधिमा महानगरअन्तर्गतका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयको पठनपाठन स्थगित गरिएको उनले जानकारी दिए ।
महानगरले बिदा अवधिमा शिक्षक तथा कर्मचारीहरूको टोली बनाई विद्यालय सेवा क्षेत्रभित्र रहेका समुदायमा हैजा नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यहरू सञ्चालन गर्न शिक्षक तथा कर्मचारीलाई परिचालन गर्न गराउन अनुरोध गरेको छ । यसअघि यहाँ आइतबार र सोमबार बिदा दिइएको थियो ।

### १० नमूनामध्ये आठमा सङ्क्रमण

यसैबीच, वीरगंजमा हैजाको आशङ्कामा १० बिरामीको नमूना परीक्षण गर्दा आठमा सङ्क्रमण पुष्टि भएको जनाएको छ ।
राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. रञ्जनराज भट्टले १० वटा नमूनामध्ये आठवटा नमूनामा हैजाको सङ्क्रमण पुष्टि भएको जानकारी दिए । 'वीरगंजबाट हैजाका लक्षण देखापरेका बिरामीको दिसा सङ्कलन गरेर नमूना परीक्षण गर्न प्रयोगशालामा पठाइएको थियो,' उनले भने, 'प्रयोगशालामा रहेको 'भाइटेक' प्रविधिबाट कल्चर गर्दा १० नमूनामध्ये आठमा सङ्क्रमण भेट्टिएको छ ।'
निर्देशक डा भट्टले स्थानीय अस्पतालले यसअघि नै 'आरडिटी' गरेर हैजा भएको पुष्टि गरे पनि थप पुष्टि गर्न नमूना परीक्षण गरिएको जानकारी दिए । 'वीरगञ्जका स्थानीय अस्पतालले आरडिटी गरेर हैजा भएको त थाहा पाइसक्नुभएको थियो । कहिलेकाहीँ त्यसमा केही रिजल्ट फरक आउन सक्ने भएकाले थप पुष्टिका लागि यहाँ कल्चर गरिएको हो,' उनले भने ।

# साहविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा पाँच वर्षदेखि सर्वोच्चमा विचाराधीन

**मधेशदृष्टि**
**काठमाडौं ।**

पूर्वमन्त्री सञ्जयकुमार साह ‘टकला’ विरुद्ध दर्ता गरिएको भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण मुद्दा पाँच वर्षदेखि सर्वोच्च अदालतमा विचाराधीन छ । २०७७ असोज ५ गते सर्वोच्च पुगेको यस मुद्दामा हालसम्म १४ पटक सुनुवाइको लागि इजलास तोकिएको छ । यस अवधिमा एक पटक पेसीको सूचना दिइएको, एक पटक प्रत्यर्थी झिकाउने, दुई पटक अन्य आदेश जारी गरिएको थियो भने चौध पटक साप्ताहिक पेसी सूचीबाटै मुद्दा हटाइएको थियो । दुई वर्षदेखि सुनुवाइ हुन नसकेको यो मुद्दामा २०८० भदौ ६ मा न्यायाधीशद्वय प्रकाशकुमार ढुंगाना र डा. नहकुल सुवेदीको संयुक्त इजलासले मिसिल झिकाउने आदेश दिएको थियो । पछिल्लो सुनुवाइ मंगलबार प्रधानन्यायाधीश प्रकाशमान




सिंह र न्यायाधीश श्रीकान्त पौडेलको संयुक्त इजलासको पहिलो नम्बरमा रहेको मुद्दा महान्यायाधिवक्ता कार्यालयबाट स्थगित भएको छ । अहिले अन्तिम सुनुवाइ कहिले हुने हो भन्ने अनिश्चित छ । २०७६ फागुन १५ मा विशेष अदालतका न्यायाधीश कृष्ण गिरी, शान्तिसिंह थापा र चन्द्रबहादुर सारुको इजलासले साहलाई भ्रष्टाचारमा ४ वर्ष जेल सजाय र १९ करोड ४४ लाख ३८ हजार ९८३ रुपैयाँ जरिवाना तिर्न आदेश दिएको थियो । त्यसैगरी सम्पत्ति शुद्धीकरणमा १४ करोड २५ लाख एक हजार ७१६ रुपैयाँ गैरकानुनी ठहर गरेको थियो । २०७६ फागुन २९ मा विशेष अदालतले सम्पत्ति शुद्धीकरणमा ५ वर्ष कैद सजाय सुनाएको थियो । फौजदारी कार्यविधि संहितामा तीन वर्षभन्दा बढी सजाय हुने कसुरमा छुट्टै सुनुवाइ अनिवार्य भएकाले विशेष अदालतले उक्त कसुरमा हुने सजाय निर्धारण गरेको थियो । विशेष अदालतको फैसला मन नपरेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७७ असोज ५ गते भ्रष्टाचार मुद्दा र असोज ९ गते सम्पत्ति शुद्धीकरण मुद्दा सर्वोच्चमा पुनरावेदन गरेको थियो । साह पनि २०७७ असोज १२ मा विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्च पुगेका थिए । साहविरुद्ध २०७३ पुस २५ मा अख्तियारले गैरकानुनी सम्पत्ति आर्जनको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । त्यसमा ३१ करोड ५० लाख २६ हजार पाँच सय ५९ रुपैयाँ बराबरको सम्पत्तिको स्रोत नखुलेको आरोप राखिएको थियो । सम्पत्ति शुद्धीकरण विभागले गरेको अनुसन्धानअनुसार साहले आफ्नो बाबु साधुसाह सुडी, आमा दुलारीदेवी साह, श्रीमती रंगीलाकुमारी साह, भाइ रामकुमार साह सहित अन्य आठ जनासँग मिलेर गैरकानुनी रुपमा सम्पत्ति लुकाएको आरोप लगाइएको छ । सञ्जयकुमार साह हाल डिल्लीबजार कारागारमा जन्मकैद सजाय भोग्दै छन् । उनी धनुषा जिल्ला अदालतद्वारा सुनाइएको रामानन्द चोक बम विस्फोटमा मुख्य योजनाकारको रुपमा दोषी ठहरिएका थिए । उक्त विस्फोटमा पाँच जनाको मृत्यु भएको थियो ।

# वेवारिसे अवस्थामा महिलाको शव फेला

**मधेशदृष्टि**
**सप्तरी ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा वेवारिसे अवस्थामा एक महिलाको शव फेला परेको छ । गाउँपालिकाको वडा नम्बर–८ स्थित विश्वकर्मा चौकनजिकै कोशी पश्चिमी सिँचाइ नहरको किनारमा सोमबार साँझ शव फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिए ।

उनका अनुसार साँझ करिब ६ बजेतिर स्थानीयले नहर किनारमा शव देखेपछि इलाका प्रहरी कार्यालय हनुमाननगरलाई खबर गरेका थिए । त्यसपछि प्रहरी टोली घटनास्थल पुगेको हो । शवको पहिचान खुल्न नसकेको प्रहरीले जनाएको छ । शवलाई राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा पोस्टमार्टमका लागि लगिएको छ । घटनाको थप अनुसन्धान भइरहेको डिएसपी बस्नेतले बताए ।

# दुई दिनमै सातजनाले गरे विषादी सेवन, एकको मृत्यु

**मधेशदृष्टि**
**सप्तरी ।**

सप्तरी जिल्लामा पछिल्ला दुई दिनमा सातजनाले छुट्टाछुट्टै समयमा विषादी सेवन गरेका छन् । तीमध्ये एक किशोरीको मृत्यु भएको छ भने बाँकी ६ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतमकुमार केसीका अनुसार राजविराज नगरपालिका–१३ भेल्ही बिसहरियाकी १५ वर्षीया रन्जना साहको उपचारका क्रममा छिन्नमस्ता अस्पतालमा मृत्यु भएको हो । विषादी सेवन गर्ने अन्य ६ जनामध्ये पाँच महिला र एक पुरुष रहेका छन् । उनीहरूलाई राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल, छिन्नमस्ता अस्पताल र विराटनगरको नोबेल अस्पतालमा भर्ना गरिएको छ । घाइते हुनेहरूमा राजविराज नगरपालिका–१३ की २१ वर्षीया पार्वती देवी यादव, राजगढ गाउँपालिका–३ नर्घोकी ३० वर्षीया मनिता देवी राम, कञ्चनरुप नगरपालिका–४ जगतपुरका ३५ वर्षीय रुपेश यादव, हनुमाननगर कंकालिनी नगरपालिका–१० इनर्वाकी १९ वर्षीया आईश खातुन, बोदेबर्साइन नगरपालिका–८ काचनटोलका २८ वर्षीय ललित महतो र राजगढ गाउँपालिका–१ मुड्कि टोलकी २३ वर्षीया ललिता कुमारी यादव रहेका छन् । प्रहरीका अनुसार सेवन गरिएका विषादी प्रायः खेतीपातीमा प्रयोग हुने रसायन हुन् । धान–गहुँमा प्रयोग हुने सल्लेफस र तरकारी बालीमा प्रयोग हुने एल्मुनियम फस्फेट समेत प्रयोग गरिएको देखिएको छ । दुई दिनमै सात जना विषादी सेवन गर्नेसम्मको घटना सार्वजनिक भएपछि जिल्लामा आत्महत्या प्रयास बढ्दै गएकोबारे चासो व्यक्त गरिएको छ । विशेषगरी किशोरी र युवतीहरू यसरी ज्यान जोखिममा पार्ने अवस्था आउनु गम्भीर समस्या भएको सरोकारवालाले बताएका छन् । प्रहरीले विषादी बिक्री–वितरणमा नियमन कडाइ गर्नुपर्नेमा जोड दिएको छ । चिकित्सकहरूले भने मानसिक तनाव, पारिवारिक समस्या र सामाजिक दबाबका कारण विषादी सेवनजस्ता घटना बढेको हुनसक्ने बताएका छन् । उनीहरूले यस्ता घटनाबाट बच्न समुदायस्तरमै सचेतना अभिवृद्धि गर्नुपर्ने सुझाव दिएका छन् ।

# सामुदायिक प्रहरी र एनआरएनए एनसीसीका पदाधिकारीबिच भेटघाट



**रामएकबाल राम**
**दोहा कतार ।**

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष पदम गिरीको नेतृत्वमा एक प्रतिनिधि मण्डलले कतारस्थित सामुदायिक प्रहरी विभागका प्रमुख डा. इब्राहिम मोहम्मद राशिद अल सुमैहसँग भेटघाट गरेको छ । मंगलबार एनसिसि कतारका प्रथम उपाध्यक्ष रोशन अर्याल, महासचिव शिव भुजेल, कार्यसमिति सदस्य युवराज पोखरेल तथा गैर आवासीय नेपाली संघका मानर्थ परिषद् सदस्य एवम् एनसिसि कतारका पूर्वअध्यक्ष मोहम्मद मुक्तादा मुसलमानले विभाग प्रमुख लगायत अन्य उच्चाधिकारीहरुसँग भेटघाट गरेको हो । कतारमा अवस्थित नेपाली समुदाय र यहाँ रहेका अन्य आप्रवासीहरु मध्येको दोस्रो बहुसंख्यक समुदाय भएको हुनाले नेपालीहरुको सुरक्षा र नेपाली समुदायसँगको सहकार्य आफ्नो प्राथमिकतामा रहेको कुरा विभाग प्रमुखले बताए । साथै अध्यक्ष पदम गिरीको नेतृत्वमा नयाँ बनेको कार्यसमितिलाई बधाई तथा शुभकामना दिएका थिए । उक्त भेटघाटमा कतारमा रहेका नेपाली तथा आम श्रमिक वर्गको सुरक्षाबारे छलफल भएको थियो । छलफलमा विशेष गरि नेपाली समुदायबिच प्रभावकारी सचेतनाका विभिन्न कार्यक्रम आयोजना गर्ने र उनिहरु माझ गृहमन्त्रालयद्वारा सम्प्रेषण गरिने सुचना तथा निर्देशनहरु आम श्रमिक माझ पुर्याउन कम्युनिटी पुलिस र गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारले सहकार्य गर्ने र यस अभियानमा एनसिसि कतारलाई कम्युनिटी पुलिस डिपार्टमेन्टले आवस्यक सहयोग तथा सहजीकरण गर्ने प्रहरी प्रमुखले बताएका थिए । सचेतनामुलक कार्यक्रमहरु अझ प्रभावकारी ढंगबाट समुदायसम्म पुर्याउन सदैव सामुदायिक प्रहरी विभाग तत्पर रहेको जानकारी दिएका थिए । यस अभियानका विभिन्न कार्यक्रम गृहमन्त्रालयको अन्य निकाय तथा विभागसँगको सहकार्यमा आयोजना गरिने, ट्राफिक डिपार्टमेन्ट, सिभिल डिफेन्स, लागूऔषध नियन्त्रण विभाग, खोज तथा अनुसन्धान विभाग लगायत अन्य विभागहरुको पनि सहभागिता हुने कुरा पहल तथा साझेदारी शाखाका अधिकृत प्रथम लेफ्टिनेन्ट अब्दुल अजिज अलमुहनाडीले जानकारी दिएका थिए । भेटघाटमा अध्यक्ष गिरीले नयाँ बनेको कार्यसमितिका बारे जानकारी दिएका थिए । संघका मानार्थ सदस्य मुसलमानले नेपाली समुदायले अहिलेको अवस्थामा भोगेका विभिन्न कठिनाइ तथा जटिलता, सहजताको निमित्त कम्युनिटी पुलिस डिपार्टमेन्टले खेल्न सक्ने भुमिका बारे प्रकाश परेका थिए । जसमा प्रहरी प्रमुखबाट सकारात्मक प्रतिक्रिया आएको बताए । यस प्रकारको भेटघाटले सुरक्षित र सभ्य समाजको निर्माणमा ठुलो भुमिका खेल्ने विश्वास व्यक्त गर्दै बिभाग प्रमुखले आफ्नो अमुल्य र व्यस्त समय दिएकोमा आभार व्यक्त गरेका थिए ।

# कार्यपालिका बैठकमा २६ एजेण्डामा छलफल हुने



**मधेशदृष्टि**
**सुनसरी ।**

सुनसरीको धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङले बुधबार दिउँसो २ बजे कार्यपालिका बैठक बोलाएका छन् ।

बैठकमा कुल २६ वटा एजेण्डा छलफलका लागि राखिएको छ ।

मेयर साम्पाङका अनुसार बैठकमा नीति तथा कार्यक्रम अनुमोदन, नगरपालिका गानको अनुमोदन, बजेट सिलिङ पास गर्ने लगायतका एजेण्डा पारित गर्ने कार्यसूची रहेको छ । यसअघि धरान उपमहानगरपालिकाले हालसम्म वार्षिक बजेट ल्याउन सकेको छैन । स्रोतका अनुसार बैठकले आगामी आर्थिक वर्षका आवश्यक नीति, कार्यक्रम र बजेट व्यवस्थापनका निर्णय गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी बोकेको छ । कार्यपालिका बैठकका निर्णय धरान उपमहानगरपालिकाको वित्तीय कार्य सञ्चालन र आगामी विकास योजनामा प्रत्यक्ष प्रभाव पर्ने अपेक्षा गरिएको छ । मेयर साम्पाङले बैठकमा उपस्थित सबै सदस्यलाई सम्पूर्ण एजेण्डा विषयमा विस्तृत छलफल गरी निर्णय लिन आग्रह गरेको जनाइएको छ । बैठकको निष्कर्षले उपमहानगरपालिकाको प्रशासनिक र वित्तीय पारदर्शिता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने अनुमान गरिएको छ ।

# कोशी प्रदेश सरकार आमसञ्चार विधेयकमा थप छलफल गर्न तयार

**मधेशदृष्टि**
**विराटनगर ।**

नेपाल पत्रकार महासंघको विरोधपछि कोशी प्रदेश सरकारले ‘कोशी प्रदेश आमसञ्चार सम्बन्धी व्यवस्था विधेयक २०८१’ माथि थप छलफल गर्न सहमति जनाएको छ । संसदमा पेश भइसकेको उक्त विधेयकमा संविधानको मर्म विपरित हुने प्रावधान रहेका भन्दै नेपाल पत्रकार महासंघ कोशी प्रदेशले आन्दोलन घोषणा गरेको थियो । मंगलबार महासंघले मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई ज्ञापनपत्र बुझाउँदै आफ्नो माग राख्यो । ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री कार्कीले विधेयकका विषयमा सरकार मात्रै निर्णय गर्न सक्ने अवस्था नभएको भन्दै सरोकारवालासँग छलफल गरेर अघि बढ्ने प्रतिबद्धता जनाए । उनले भने, ‘विधेयकसँग सम्बन्धित असहमतिका बुँदाहरुलाई छलफल मार्फत समाधान गर्न प्रयत्न गरिनेछ ।’ सरकारको धारणा अनुसार पत्रकारसँग सम्बन्धित संघसंस्थाको चासो र सरोकार गम्भीरतापूर्वक आएको कारण विधेयक पास गर्न अझै केही समय लाग्ने छ । पत्रकार महासंघले भने विधेयकको असंवैधानिक प्रावधान हटाइ नपुगेसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएको छ ।



# विदेह नगरपालिकामा एक हजार १०० जग्गाधनी पूर्जा वितरण

**जनकपुरधाम ।**
सङ्घीय सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले धनुषाको विदेह नगरपालिकाको इटहर्वामा आयोजित एक समारोहबीच सो पालिकाका एक हजार १०० जनालाई जग्गाधनी प्रमाण–पूर्जा वितरण गरेका छन् ।

नापी कार्यालय धनुषाद्वारा आयोजित समारोहमा गाउँब्लक जग्गाधनी दर्ता प्रमाण–पूर्जा वितरण कार्यक्रममा सो पालिकाको वडा नं एकदेखि वडा नं नौसम्मका जनतालाई उनले जग्गाधनी प्रमाणपत्र वितरण गरे । मन्त्री अधिकारीले भूमि समस्याको समाधान सङ्घीय सरकारको एक्लो प्रयासले समाधान गर्न समस्या भएकाले तीनै तहका सरकारको सहयोग तथा समन्वय आवश्यक रहेको बताए ।

आगामी तीन वर्षमा भूमिहीन, सुकुम्वासी, भूमिहिन दलित तथा अव्यवस्थित बसोवासीको समस्या समाधान हुने उनले आश्वासन दिए । साथै भूमि आयोगको कार्यमा सबैको सहयोग आवश्यक रहेको उल्लेख गर्दै उनले भूमि समस्या समाधान गर्न सरकारले उच्च प्राथमिकतामा दिएको बताए ।

सङ्घीय सांसद रामकृष्ण यादवले जनताको हकहितको विषयमा राजनीति तथा भेदभाव गर्न नहुने विचार व्यक्त गरे । विदेह नगरपालिकाका नगरप्रमुख वेचन दासले नापी कार्यालयबाट खटिएका कर्मचारीले लालपुर्जा बनाउने तथा सर्वे गर्ने कार्यमा सर्वसाधारणलाई दुःख दिने तथा गैरकानुनीरूपमा रकम माग्ने गरेको गुनासो गरे । रासस

# पार्टीको नाम विवादमा सर्वोच्चको आदेश

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राजनीतिक दलहरूको नाम परिवर्तनसम्बन्धी विवाद सर्वोच्च अदालत पुगेपछि अदालतले निर्वाचन आयोगलाई आफ्नो निर्णयको सक्कल प्रति पेश गर्न आदेश दिएको छ । सर्वोच्च अदालतको न्यायाधीशद्वय कुमार ढकाल र बालकृष्ण चुडालको इजलासले सुनुवाइ गर्दै आयोगले ३ फागुन २०८० मा गरेको निर्णयबारे स्पष्टिकरण माग गरेको हो । निर्वाचन आयोगले गत फागुन ३ गते आयोगमा दर्ता रहेका १९ वटा राजनीतिक दललाई नाम परिवर्तन गर्न निर्देशन दिएको थियो । आयोगले दलहरूको नाम नेपालको संविधान र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को मर्मअनुसार नभएको, साम्प्रदायिक सद्भाव भड्काउने खालको रहेको भन्दै ऐनको दफा ५७ बमोजिम निर्णय गरेको जनाएको थियो । निर्देशनअनुसार १९ मध्ये ६ दलले नाम परिवर्तन गरे पनि तराई–मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले भने आपत्ति जनाएको छ । तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालले आयोगको निर्णयविरुद्ध सर्वोच्चमा रिट दायर गर्दै दलको नाम परिवर्तन गर्ने वा निर्देशन दिने अधिकार आयोगलाई कानूनले नदिएको जिकिर गरेका छन् । दफा ५७ मा पनि त्यस्तो प्रावधान नभएकाले आयोगको आदेश खारेज गर्नुपर्ने उनीहरूको माग छ । तमलोपाका प्रचार विभाग प्रमुख उमेश मण्डलले आयोगको निर्णयलाई अनधिकृत, गैरकानूनी र संविधानविपरीत भन्दै विरोध जनाए । उनले तराई–मधेश लोकतान्त्रिक पार्टी भन्ने नाममा कुनै साम्प्रदायिकता नभएको दाबी गरे । त्यस्तै लोकतान्त्रिक महिला संघकी अध्यक्ष बिन्दु ठाकुरले पनि ‘तराई–मधेश द्रुतमार्ग’ जस्तो नाम आपत्तिजनक नभएको उदाहरण दिँदै आयोगको सोचमाथि प्रश्न उठाइन् । नेतृ बिभा ठाकुरले भनिन्, ‘यो पार्टी २०६३ सालमै दर्ता भई संविधानसभा निर्वाचनमा भाग लिएको थियो । अहिले आएर आयोगले यसलाई सांप्रदायिक भन्न खोज्नु आश्चर्यजनक छ ।’ यसअघि पहिलो सुनुवाइपछि सर्वोच्चले अल्पकालीन अन्तरिम आदेश जारी गर्दै आयोगको निर्णयमाथि रोक लगाएको थियो । पछि दुवै पक्षबीचको छलफलपछि पनि अदालतले अन्तरिम आदेशलाई निरन्तरता दिएको छ । अब आयोगले आफ्नो निर्णयको सक्कलप्रति सर्वोच्चमा पेश गर्नुपर्नेछ । त्यसपछि मात्र विवादको टुंगो लाग्ने देखिएको छ ।

# मुख्यमन्त्रीद्वारा चौरचन र गणेश चतुर्थी पर्वको शुभकामना

**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले चौरचन तथा गणेश चतुर्थी पर्वका अवसरमा प्रदेशवासी दिदीबहिनी तथा दाजुभाइमा हार्दिक शुभकामना व्यक्त गरेका छन् । मुख्यमन्त्री सिंहको शुभकामना सन्देशमा चौरचन पर्वलाई भक्तिभाव र संस्कृतिको गहिरो सम्बन्धसँगै सांस्कृतिक पहिचानका रूपमा चित्रण गर्दै एकता, आपसी सद्भाव र पारिवारिक आत्मीयतामा बाँध्ने माध्यमका रूपमा पर्वले कार्य गरेको उल्लेख गरेका छन् । उनले सन्देशमा गणेश चतुर्थी पर्वले विघ्नहर्ता भगवान् गणेशप्रति आस्था जागृत गर्दै जीवनमा आउने चुनौतीलाई धैर्य, बुद्धि र सकारात्मक ऊर्जाद्वारा पार गर्न प्रेरणा दिने विश्वास व्यक्त गरेका छन् । शुभकामना सन्देशमा भनिएको छ, ‘यो दुवै पर्वले दिएको शान्ति, सद्भाव, श्रद्धा र समर्पणको सन्देश हाम्रो समाजलाई अझ सबल, समृद्ध र उन्नत बनाउन सधैँ मार्गदर्शक हुनेछन् ।’ सन्देशमा उनले भगवान चन्द्रदेव र भगवान गणेशको कृपाले सबैमा स्वास्थ्य, समृद्धि, दीर्घायु, आपसी प्रेम र प्रगतिका उज्याला मार्ग प्रशस्त होस् भन्ने कामना पनि उल्लेख गरेका छन् । रासस

# जिर्ण विद्यालय भवन बनाउने प्रतिबद्धता

**राजन कुमार बानिया**
**वीरगंज ।**
पर्साको छिपहरमाई गाउँपालिका वडा नं ५ भिस्वामा रहेको मंगल माध्यमिक विद्यालय भिस्वाको पुरानो दुई तले भवन जिर्ण रहेको अवस्थालाई गाउँपालिका अध्यक्ष मनोज कुमार गुप्ता सहितको टोलीले अनुगमन गरेका छन् ।

पुरानो दुई तले विद्यालय भवन जिर्ण अवस्थामा रहेकोले कतिखेर भत्केर क्षति हुने हो त्यसको ग्यारेन्टी नरहेकोले नयाँ भवन बनाउने अध्यक्ष गुप्ताले बताए । धेरै पुरानो विद्यालय भवन जिर्ण अवस्थामा रहेकोले पुरानो भवनबाट हुने क्षतिलाई मध्यनजर गर्दै मंगलबार विद्यालयको कार्यालयमा बैठक बसी विभिन्न बिषयमा छलफल गरि निर्णय गरिएको हो । जिर्ण रहेको पुरानो विद्यालय भवन सरसफाइ गरि नयाँ भवन बनाउने प्रस्तावमा सहमति भएको छ ।

बैठकमा गाउँपालिका अध्यक्ष मनोज कुमार गुप्ता ,उपाध्यक्ष लिलावती देवी, प्रमुख प्रशासकीय अधिकृत कादिर बाबू देवान, नेता किशोरी साह कानु, वडा अध्यक्ष मौजिलाल साह कानु, विद्यालयका प्रधानाध्यापक दिनेश पटेल, वडा सदस्य, सुरक्षाकर्मी, पत्रकार, शिक्षक, स्थानिय अभिभावकलगायतको सहभागिता रहेको थियो ।

# तस्करसँग मिलेमतोको आरोपमा १७ सशस्त्र प्रहरी कारबाहीमा

**मधेशदृष्टि**
**रौतहट ।**
तस्करी नियन्त्रण गर्नुपर्ने जिम्मेवारी बोकेको सशस्त्र प्रहरी बलका १७ जना कर्मचारी आफैँ तस्करसँग मिलेमतो गरेको आरोपमा कारबाहीमा परेका छन् । सशस्त्र प्रहरी बल नेपाल ११ नं. गण रौतहट र त्यहाँअन्तर्गतका विभिन्न बिओपी तथा बेस क्याम्पमा कार्यरत दुई जना सशस्त्र प्रहरी नायब उपरीक्षक, तीन जना सशस्त्र प्रहरी निरीक्षकसहित १७ जना कारबाहीमा परेका हुन् । सशस्त्र प्रहरी बलका केन्द्रीय सहायक प्रवक्ता शैलेन्द्र थापाका अनुसार उनीहरूलाई हेडक्वाटरले आन्तरिक कारबाही अघि बढाइएको छ । रौतहटको गौर–चन्द्रनिगाहपुर सडकखण्डको शिवनगरस्थित एक गोदाममा तस्करी गरी ल्याइएको चिनी, मल, सिमेन्ट, सर्फलगायतका सामान रहेको भिडियो सार्वजनिक भएपछि छापा मार्न सशस्त्र प्रहरी बल मुख्यालयले आदेश दिएको थियो । तर, आदेशअनुसार सम्पूर्ण सामान नियन्त्रणमा लिनुपर्नेमा सशस्त्र




प्रहरी नायब उपरीक्षक अमर लामाले तस्करसँग मिलेमतो गर्दै ठूलो परिमाणको सामान अन्यत्र सुरक्षित स्थानमा पठाइदिएका थिए । थोरै मात्र सामान मात्रै समातेर भन्सार बुझाइएको पाइएको हो । ११ नं. गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सन्तोष बस्नेत तालिममा रहेकै बेला यस्तो घटना भएको हो । घटनापछि सन्तपुर बेस क्याम्पका डिएसपी राजु गुरागाई, तीन जना निरीक्षक र अन्य दर्जनौँ प्रहरीलाई सशस्त्र प्रहरी बल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय बर्दीबासमा तान्दै कारबाही गरिएको बस्नेतले बताए ।

डिएसपी अमर लामालाई भने हेडक्वाटरमा राखेर थप अनुसन्धान भइरहेको छ । सशस्त्र प्रहरीका उच्च अधिकारीका अनुसार घटनामा संलग्न जोसुकै भए पनि अनुसन्धानको दायरामा ल्याइनेछ ।

साथै ११ नं. गण रौतहटलाई समेत सचेत गराइएको छ । तस्करी नियन्त्रण गर्नुपर्ने संवैधानिक निकायका सदस्य नै संलग्न भएको घटनाले सशस्त्र प्रहरी बलको छविमाथि गम्भीर प्रश्न उठाएको छ ।

# जनप्रतिनिधिको धर्ना स्थगित

**मधेशदृष्टि**
**रौतहट ।**
यमुनामाई गाउँपालिकाको कार्यालय अगाडि विभिन्न मागसहित शुरु गरिएको धर्ना र अनशन स्थगित भएको छ । पालिकाका निर्वाचित जनप्रतिनिधिहरूले १३ सूत्रीय माग राख्दै गत भदौ ४ गतेदेखि निरन्तर आन्दोलन चलाइरहेका थिए । वडा नम्बर–२ का वडाध्यक्ष सीताराम यादवको नेतृत्वमा २१ जना जनप्रतिनिधि धर्ना तथा अनशनमा बसेका थिए । लामो समयसम्म चलेको वार्ता सम्झौतापछि जिल्ला प्रशासन कार्यालयको पहलमा आन्दोलन स्थगित भएको हो । रौतहटका प्रमुख जिल्ला अधिकारी विनोद कुमार खड्काको उपस्थितिमा भएको छलफलपछि आन्दोलनरत पक्षले राखेका माग कानुन



बमोजिम पूर्ति गर्न सकिने लिखित आश्वासन पालिकाले दिएको छ । सहमति भएपछि वडाध्यक्ष यादवले आन्दोलनको कार्यक्रम स्थगित भएको जानकारी दिएका छन् । अनसन तोड्ने क्रममा प्रजिअ खड्काले वडाध्यक्ष यादवलाई जुस खुवाएका थिए । जिल्ला प्रशासन कार्यालयका प्रशासन प्रमुख रामनरेश साहका अनुसार यससँगै आन्दोलनरत पक्ष सहमतिमा आएको र तत्कालका लागि धर्ना अन्त्य भएको हो ।

जनप्रतिनिधिहरूले आर्थिक वर्ष २०७९ देखि २०८२ सम्मका गाउँ सभाका निर्णय, कार्यपालिका बैठकका निर्णय, लेखापरीक्षण प्रतिवेदन, स्थायी, करार र दैनिक ज्यालादारीमा कार्यरत सबै तहका कर्मचारीहरूको नियुक्ति प्रक्रिया सम्बन्धी सूचना माग गरेका थिए । त्यसैगरी पालिकाबाट हुने सबै काम पारदर्शी, निष्पक्ष, मितव्ययी र सुशासनमैत्री हुनुपर्ने माग पनि राखिएको थियो ।

जनप्रतिनिधिहरूले माग कार्यान्वयन नभए पुनः आन्दोलनमा उत्रने चेतावनी दिएका छन् । यद्यपि तत्कालका लागि पालिका र आन्दोलनरत पक्षबीचको सहमति पछि सामान्य कामकाज सहज हुनेछ ।

# हरपतगञ्जमा सडक–नाला निर्माण अलपत्र

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–२० हरपतगञ्जमा सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालयमार्फत ठेक्का लिएर निर्माण भइरहेको सडक र नाला काम ठेकेदारले अधुरो र अलपत्र छाडेपछि स्थानीयवासी समस्यामा परेका छन् । ठेकेदार पप्पुरस्वच्छन्द जेभीले लिएको ठेक्काको काम विगत ३–४ महिनादेखि रोकिएको वडाध्यक्ष रामकिशोर सिंह परागले जानकारी दिए । निर्माण कार्य रोकिँदा सडक र नालाका खाल्डामा पानी जम्मा भएर दुर्गन्ध फैलिएको छ । लामखुट्टेको प्रकोप बढ्दा झाडापखाला, डेंगी, हैजा जस्ता सङ्क्रामक रोगको जोखिम बढेको वडाध्यक्ष परागले बताए । मंगलबार वडाध्यक्ष परागले स्थानीय अगुवाहरूसहित आयोजना कार्यालयका प्रमुखलाई ज्ञापन पत्र बुझाउँदै अधुरो निर्माण कार्य तत्काल सुचारु गर्न माग गरे । ‘नौ वर्षदेखि ठेकेदारले सडक निर्माण जिम्मा लिएर अलपत्र पारेको छ । ढिलाइले स्थानीयवासी असुविधामा छन् । स्वास्थ्य जोखिम पनि बढेको छ,’ उनले भने । परागले चेतावनी दिँदै भने, ‘काम शुरु नभए हामी आयोजना कार्यालय अगाडि धर्ना दिन तयार छौं । दुवैतर्फ नाला बनाएर बीचमा सडक खन्दा पानी जमेर रोगको जोखिम बढेको छ । दैनिक आवागमनमा यात्रुहरू सास्ती भोगिरहेका छन् ।’ स्थानीयवासीले पनि निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्न र समस्याको समाधानका लागि सम्बन्धित निकायसँग पहल गर्न माग गरेका छन् । नभए थप आन्दोलन गर्ने चेतावनी उनीहरूले दिएका छन् । आयोजना कार्यालयका प्रमुख सञ्जीव कुमार साहले ठेकेदारको आन्तरिक विवादका कारण काम रोकिएको स्वीकार गर्दै छिट्टै सडकमा माटो पुरेर ग्राभेल राख्ने काम शुरु गरिने आश्वासन दिए । उनले भने, ‘जेठ १४ गतेसम्म निर्माण सम्पन्न गर्नुपर्ने म्याद गुज्रिसकेकाले म्याद थपको प्रक्रिया अगाडि बढाइएको छ ।’ स्थानीयवासी र वडाध्यक्षको दबाबपछि आयोजनाले तत्काल काम शुरु गर्ने आश्वासन दिएको भए पनि ठोस प्रगति नदेखिए कडा कदम चाल्ने चेतावनी स्थानीयवासीले दिएका छन् ।

# हुलाकी सडक कालोपत्रे अलपत्र



**मधेशदृष्टि**
**सर्लाही ।**
सदरमुकाम मलङ्गवाको मुख्य सडक खण्ड अझै धुलाम्मे अवस्थामै छ । पटक–पटक आन्दोलन हुँदा पनि पूर्व–पश्चिम हुलाकी सडकको कालोपत्रे काम अलपत्र परेपछि स्थानीय पुनः आन्दोलनको तयारीमा जुटेका छन् । एक महिनाअघि युवा र महिलाले सडक कालोपत्रे गर्न माग गर्दै चक्काजाम गरेका थिए । त्यसबेला निर्माण व्यवसायीले तत्काल काम अघि बढाउने आश्वासन दिए पनि प्रत्यक्ष प्रगति नदेखिएको स्थानीयवासी बताउँछन् । मलङ्गवा बजार क्षेत्रको सडक कालोपत्रे गर्ने जिम्मा हिमडुङ एण्ड ठोकर÷हीरा एण्ड नमिता जे.भी. ले पाएको हो । तर, कम्पनीले पटक–पटक म्याद थपेर काम नगरेको गुनासो छ । ‘सडकको धुलोले बस्नै नसक्ने अवस्था छ । बारम्बार आन्दोलन गर्दा पनि ठेकेदारले वाचा तोडेको छ,’ स्थानीय नागेन्द्र चौधरीले भने । अर्का स्थानीय शिवचन्द्र चौधरीका अनुसार ठेकेदारले पटक–पटक मिति तोके पनि काम नगरेर स्वास्थ्यमा समेत गम्भीर असर पुर्याइरहेको छ । हुलाकी राजमार्ग योजना कार्यालय जनकपुरले ठेकेदारलाई बारम्बार पत्र काटेर दबाब दिएको छ । जिल्ला समन्वय समितिका सभापति, प्रमुख जिल्ला अधिकारीलगायतले समेत ताकेता गरे पनि कामले गति लिन सकेको छैन । योजना कार्यालयका इन्जिनियर रन्जित यादवले भने, ‘ठेकेदार सुस्त गतिमा काम गरिरहेका छन् । हामी निरन्तर ताकेता गरिरहेका छौँ ।’ मलङ्गवामा सडक कालोपत्रे हुन नसकेपछि स्थानीय युवाहरू पुनः आन्दोलित हुने तयारीमा छन् । ‘अब त सडक कालोपत्रे नहुन्जेल यातायात नै सञ्चालन हुन नदिने गरी कडा आन्दोलन गर्छौं,’ स्थानीय युवा सोहन झाले चेतावनी दिए । सर्लाहीको मुसैली गाउँ र मलङ्गवा बजार क्षेत्र बाहेक अन्य स्थानमा हुलाकी सडक कालोपत्रे काम सकिएको छ । मुख्य बजार क्षेत्रमै काम अलपत्र हुँदा स्थानीयको दैनिकी कष्टकर बनेको छ ।

सम्पादकीय

# हैजाको राष्ट्रिय हल्लामा स्थानीय सञ्चारकर्मीको परीक्षा

शुक्रबार साँझदेखि चर्चाको विषय बनेको वीरगंज महानगरमा फैलिएको हैजाको विषयमा सामाजिक सञ्जालमा अनावश्यक राजनीतिक पूर्वाग्रह राख्नेहरु नराम्ररी पछारिएका छन् । यति मात्रै होइन, कागको पछि दौडने र कान नछाम्ने बुद्धिजीवी वर्गमा पर्ने केही पत्रकारहरु पनि लज्जास्पद भएका बनेका छन् ।

जसले प्रवाह गरेको सूचना शतप्रतिशत झुठो भएको छ । सामाजिक सञ्जालमा वीरगंज, आफूलाई मन नपरेका पार्टीका मेयर, मन्त्रीलाई बदनाम गरेर रात परेपछि सामाजिक सञ्जालमा रोइकराइ गर्ने स्वघोषित सचेत नागरिक र राजनीतिक दलका नेता कार्यकर्ता पनि यसपटक फिका भएका छन् । अरुको चरित्रमा दाग लगाउन आफ्ना सामाजिक सञ्जाल रंगाउदा उनीहरु नै कुरुप बनेका छन् । ल्याबमा परीक्षण भएर रिपोर्ट आउने विषयमा पनि मनगडन्ते हौवा लेखेर रमाउने सञ्चारजगतका केही सदस्यका कारण पनि हैजाले पर्सालाई आतंकित पारेको थियो ।

आधिभकारिक सूचना अनुसार, वीरगंज महानगरमा सोमबारसम्म हैजाबाट सङ्क्रमित हुनेको संख्या ९३ पुगेको छ । महानगरमा हैजा रोकथाम र नियन्त्रणका लागि तीनवटै सरकारले अधिकतम प्रयास जारी राखे पनि हैजा सङ्क्रमितको संख्या नघटेको पक्का हो । तर नभएको र तथ्य बंग्याउने काम चैँ पढेलेखेका भनिएका केही स्वार्थीहरुबाट मात्र भएको हो । आइतबार बेलुकासम्म ७१ जनामा हैजाको सङ्क्रमण पुष्टि भएको थियो । स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले वीरगंजमा ९३ जना हैजाका सङ्क्रमित फेला पारेको जानकारी दिए । वीरगंजका विभिन्न अस्पतालमा १ सय ६६ जना हैजाका बिरामी उपचाररत रहेको र १ सय ७८ जना उपचारपछि घर फर्किएको बताए ।

नारायणी अस्पतालमा आरडिटी जाँचमा ३२ जना बिरामीमा कलेरा सङ्क्रमण भेटिएको छ । साथै तराई अस्पतालमा ३२ जना, नेशनल मेडिकल कलेजमा १२ जना, भवानी अस्पतालमा, वीरगंज हेल्थ केयर, मङ्गलम प्याथोलोजीमा तीन–तीन जनामा हैजाको सङ्क्रमण देखिएको छ । अर्ली अर्थो अस्पतालमा भने दुई जना हैजाका बिरामी भेटिएका छन् । त्यस्तैगरी, नारायणी सेन्ट्रल अस्पताल, एड्भान्स मेडिकेयर, नेपाल इन्डो अस्पताल, नीलकण्ठ अस्पताल, नेपाल मेडिसिटी बयोधा अस्पताल, सर्वोत्तम अस्पतालमा पनि हाल एक–एक जना हैजाका बिरामी भेटिएका छन् । अहिलेसम्म अस्पताल आइपुगेका झाडापखाला र हैजाका बिरामीको संख्या ३ सय ४४ छ । जसमध्ये २७ जना आइसियुमा, छ जना एचडिसियु र १२२ जनाको जनरल वार्डमा उपचार भइरहेको छ । तर अनावश्यक ढंगले अरुको चरित्र बदनाम गरेर रमाउन चाहने अराजकहरुको समूहले यसपटक सामाजिक सञ्जालमा र केही जिम्मेवार भनिएका मिडियाले पनि गलत र मिथ्या सूचना प्रवाह गरेर कमाएको बदनामीको पूर्ति गर्न कैयौं धेरै राम्रा काममा उनीहरु उभिन र परीक्षण गर्न पर्ने भएको छ । किनभने उनीहरु हावातालमा लेख्छन् र बोल्छन् भन्ने यसपटक सबैले थाहा पाए ।

# चाडपर्वले जोड्दैछ देश

**कृष्ण अधिकारी**

देशभर हिन्दू महिलाहरुले हरितालिका तीज (हरितालिका पर्व) मनाइरहेका छन् । भाद्र शुक्ल तृतीयाका दिन मनाइने यो पर्व नेपाली महिलाको अत्यन्त महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक उत्सव पनि हो । पार्वतीले भगवान शङ्करलाई पति रूपमा प्राप्त गर्न कठोर तपस्या गरेको पौराणिक कथामा आधारित यो पर्वमा महिलाहरूले भगवान शिव–पार्वतीको आराधना गरेर आफैँलाई पार्वती सरह सौभाग्यवती र परिवारमा सुख–शान्ति चाहना गर्छन् । हरितालिका व्रत बस्दा भगवान शिव प्रकट भई उनको मनोकामना पूरा भएको विश्वास गरिन्छ ।

त्यसो त आजै साँझ तिथीले चौथी पनि सुरु हुने हुँदा मुख्यतः मिथिला (मधेश÷तराई)का महिलाहरुले चौरचन (चौठचन्द्र, गणेश चौथी) पर्व मनाउँदैछन् । भगवान गणेशको आराधनासँग सम्बन्धित यो पर्व विशेषगरी विवाहित महिलाले आफ्नो परिवारको सुख, शान्ति र सन्तानको दीर्घायुका लागि मनाउने गर्छन् । यस दिन व्रत बसेर भगवान गणेशलाई पूजा गर्ने, कथा वाचन गर्ने र प्रसाद (गुड, दही, फलफूल, ठेकुआ आदि) चढाउने चलन छ । व्रत बस्ने महिलाले दिनभर उपवास गरी साँझमा मात्र भोजन ग्रहण गर्छन् ।

विशेषगरी तराई र पहाडमा मनाइने यी दुई पर्वमा शिव र उनका पुत्र गणेशको आराधना गरिन्छ । दुबै पर्वमा महिलाले आफ्नो श्रीमान्, सन्तानको कल्याण र परिवारको सुख समृद्धिका लागि ब्रत गर्छन् । हरितालिकामा शिव पार्वतीको मूर्ति वा चित्रको स्थापना गरी पूजा गरिन्छ । फलफूल, मिठाई, धूप–दीप, बेलपत्र, फूल आदिले आराधना गरिन्छ भने गणेश चौँथीमा पनि बिहानै स्नान गरेर घरको आँगन वा पूजा कोठामा गणेशको पूजा गरिन्छ ।

तीजको लगत्तै नेपालका पहाडी क्षेत्र विशेषगरी सुदूरपश्चिम र कर्णाली प्रदेशमा गौरा पर्व एक महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व मनाउने गरिन्छ । यो पर्वमा पनि देवी गौरा (पार्वती) र भगवान् महादेव (शिव)को पूजा आराधना गरिन्छ । भाद्र शुक्ल पञ्चमीदेखि अष्टमीसम्म मनाइने यो पर्वमा महिलाले व्रत बसेर गौरा माताको पूजा गर्छन् । यस पर्वमा पनि महिलाहरूले आफ्नो पतिका दीर्घायु र परिवारको सुख–शान्तिको लागि व्रत बस्छन् ।

राष्ट्रिय एकतामा रूपान्तरण

हिमाल, पहाड, मधेश, पूर्व–पश्चिम सबै ठाउँमा आआफ्नै मूल्य–मान्यता र रीतिरिवाजअनुसार चाडपर्व मनाउने गरिन्छ । नेपालमा मनाउने जुनकुनै चाडपर्व नेपाल र नेपालीको चिनारी र पहिचान हुन् । हाम्रो सामाजिक विविधतालाई यीनै चाडपर्वहरुले एकतामा रूपान्तरण गरेका छन् । हाम्रा प्रायः सबैजसो चाडपर्वहरुले प्रकृतिसँग तादम्यता राख्छन् भने परस्पर सद्भाव, सम्मान र सहिष्णुतालाई आत्मसात् गरेका छन् । संस्कृतिलाई जीवन्त राख्ने माध्यम भनेकै चाडपर्व हो । चाडपर्वले हामी, हाम्रो समाज र संस्कृति तथा परम्परालाई प्राचीनकालदेखि आजसम्म डोहो¥याउँदै ल्याएको छ र भविष्यसम्म लैजाने काम गर्दछ । वास्तवमा चाडपर्व पारिवारिक एवं सामाजिक सम्बन्धलाई मजबुत पार्ने तथा नवीकरण गर्ने अवसर पनि हो ।

पछिल्लो समय कुनै क्षेत्र वा जातजातिले मनाउँदै आएका चाडपर्वहरु विस्तारै अन्य भूगोल वा अन्य जात सम्प्रदायका मानिसले पनि उत्तिकै हर्सोल्लासका साथ मनाउने क्रम बढ्दै गएको छ । केही वर्षअघिसम्म देशका पहाडी भूभागमा मनाइने तीज पर्व अहिले तराई–मधेशमा पनि उत्तिकै महत्वका साथ मनाउन थालिएको छ भने तराई–मधेश क्षेत्रको मुख्य पर्व छठ राजधानीलगायत पहाडी जिल्लामा पनि मनाउन थालिएको छ । मूलतःपहाडतिर मनाइने तीज र मधेशतिर मनाइने चौरचन पर्व आज एकैदिन परेको छ । गौरा पर्व अब पश्चिमबाट पूर्वसम्म विस्तार हुँदैछ । हाम्रा पर्व पछिल्ला दिनमा हिमाल–पहाड उक्लिएर र तराई–मधेश झरेर देश जोड्दैछन्, पूर्वबाट पश्चिम र पश्चिमबाट पूर्वतिर सर्दैछन् ।

राष्ट्रियस्तरमा मनाइने चाडपर्व मात्र नभई स्थानीयस्तरमा कुनै जात, समुदायमा सीमित रहेका चाडपर्व पनि अब देशैभरि सबैले समान ढङ्गबाट मनाउने गरिएको पाइन्छ । खासगरी सूचना सञ्चार प्रविधिको विकास, बसाइसराई र जातीय सङ्कुचनको कमीका कारण सबै चाडपर्वप्रति सबैको समान अपनत्व भावको विकासले गर्दा चाडपर्वको महत्व बढ्दै गएको छ । अन्तरजातीय बिबाह गर्ने क्रमले गर्दा पनि सांस्कृतिक एकता र सद्भावमा बृद्धि ल्याएको छ ।

नेपाल विविध जात, धर्म, भाषा, सम्प्रदायका मानिस एउटै मालामा गासिएको देश हो । यहाँका हरेक जाति, धर्म र सम्प्रदायको आ–आफ्नै सांस्कृतिक सम्पत्ति छ, जो विभिन्न चाडपर्वको रूपमा नेपाली समाजमा प्रचलनमा छन् । यहाँ १२५ भन्दा बढी जातजाति र १२३ भाषा रहेसँगै तिनका आफ्नै चाडपर्व, रहनसहन र संस्कृति छन् । यसैले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक देशका रूपमा चिनिन्छ । नेपालका संस्कृति, चाडपर्व र परम्परा अब कुनै क्षेत्र वा समुदायमा मात्रै सीमित छैनन् । यसले सांस्कृतिक आदान–प्रदान, एकता र सहअस्तित्वलाई देखाउँछ ।

नेपाली समाजमा मनाइने यी चाडपर्व अब विदेशमा पनि उत्तिकै हर्सोल्लासका साथ मनाउने गरिएको छ । विभिन्न देशमा गएका नेपालीले पनि आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार चाडपर्व मनाउने गरेका छन् । विश्वको जुनसुकै भूभागमा रहे पनि नेपालीहरुले आफ्नो धर्म संस्कृतिको संरक्षण गर्नुको साथै ती मुलुकमा नेपालीको परिचय गराउन सकेका छन् । चाडपर्वले नेपाल मात्र होइन, नेपाली समुदाय बसोबास गर्ने विश्वभरका नेपालीलाई सांस्कृतिक रूपमा जोड्ने काम गरेको छ । यसले गर्दा ती मुलुकबाट नेपाल भ्रमणमा आएका पर्यटक यहाँको चाडपर्व, संस्कृतिसँग निकै आकर्षित हुने गर्दछन् । विश्वका अधिकांश देशमा एउटै जात, धर्म र संस्कृतिको प्रभाव रहेको पाइन्छ । तर भौगोलिक रूपमा निकै साना र जनसाङ्ख्यिक दृष्टिले पनि अति न्यून रहेर पनि यहाँको सांस्कृतिक विविधताले नेपाललाई विश्वकै सांस्कृतिक पर्यटनको 'हब'को रुपमा स्थापित गरेको छ । नेपालले विश्वबाट धेरै पर्यटक भित्र्याउने मुख्य सम्पदा भनेको चाडपर्वहरु नै हुन् ।

सांस्कृतिक बहुलवादको उदाहरण

जातीय छुवाछूतको अवस्थामा निकै कमी आएसँगै विभिन्न संस्कृति, भाषा, धर्मलाई समान सम्मान गर्ने संस्कारको विकास भइरहेको छ । एउटै समाजमा भिन्न–भिन्न समुदाय शान्तिपूर्वक बस्ने सहअस्तित्व वातावरणको विकास भएको छ । पर्व, भेषभूषा, खानपान, विचारधारा आदान–प्रदान गर्दै नयाँ सांस्कृतिक मूल्य मान्यताले प्रश्रय पाउन थालेको छ । आफ्नो मौलिक संस्कृतिलाई जोगाउँदै अरूलाई पनि सम्मान गर्ने संस्कारले नेपाली समाजलाई सांस्कृतिक बहुलवादको रूपमा रुपान्तरण गरिरहेको छ । पहाडको तीज मधेशमा झर्ने र मधेशको छठ पहाडमा उक्लिने प्रक्रिया नै सांस्कृतिक बहुलवादको एउटा उत्कृष्ट उदाहरण हो । यसले नेपाली समाजलाई अझ मजबुत, समावेशी र एकीकृत बनाएको छ ।

सांस्कृतिक बहुलवादले परस्पर सम्मान, सहिष्णुता र साझा पहिचानलाई प्रवद्र्धन गरी समाजमा विभिन्न संस्कृति, धर्म, भाषा, जातजाति, भेषभूषा, चाडपर्व आदिको सहअस्तित्वलाई बल पु¥याउँछ । सबै संस्कृति समान रूपमा सम्मानीत हुँदा राष्ट्रिय एकतालाई बलियो बनाउँछ । नेपालको राष्ट्रिय एकता कुनै एक जाति वा धर्ममा आधारित नभई सांस्कृतिक बहुलवादमा आधारित छ । विविधताभित्रको सहअस्तित्व, परस्पर सम्मान र साझा पहिचान नै नेपालको शक्ति हो । त्यसैले सांस्कृतिक बहुलवादलाई संरक्षण र प्रवद्र्धन गर्नु नै राष्ट्रिय एकताको प्रमुख आधार हो ।

हिन्दू, बौद्ध, इस्लाम, किराँत, क्रिश्चियनलगायतका धर्मावलम्बी समुदायमा मनाइने दसैँ, तिहार, तीज, छठ, ल्होसार, ईद, क्रिसमस, उधौली–उभौली आदि पर्वहरुले आ–आफ्ना परम्परा पालना मात्र गरेका छैनन्, सबैलाई एउटै साझा नेपाली पहिचानमा बाँधेका छन् । नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुकमा राष्ट्रिय एकताको मूल आधार सांस्कृतिक बहुलवाद नै हो । एकतामा विविधता भन्ने अवधारणाले नै नेपाललाई अद्वितीय बनाएको छ ।

पछिल्लो समय विश्वव्यापीकरण र पूँजीवादका कारण हाम्रा सांस्कृतिक धरोहर र राष्ट्रिय एकताको प्रतीकका रूपमा रहेका चाडपर्वमा नकारात्मक प्रभाव देखिन थालेको छ । हिजोआज चाडपर्वमा विकृतिसँगै अनावश्यक खर्च गर्ने चलन बढ्न जाँदा हुने खाने र हुँदा खानेले मनाउने चाडपर्वमा फरक देखिनथालेको छ । धेरैका लागि चाडपर्व बोक्रिला बन्न पुगेका छन् । आधुनिकताको नाममा चाडपर्वको मौलिकता नै उपेक्षामा पर्न थालेको अनुभव गर्न थालिएको छ । यसले गर्दा हाम्रो मौलिक संस्कृति र परम्परा हराउँदै जाने हो कि भन्ने चिन्ता बढेको छ । समयमै यस्ता विकृति र विसङ्गतिलाई अन्त्य गरी सामाजिक सद्भाव, एकता र मौलिकतामा आधारित चाडपर्वलाई आत्मसात् गर्ने बानी सबै नेपालीमा आउन सके यसले राष्ट्रिय गरिमालाई अझ उच्च बनाउन बल पुग्दछ । रासस

# तीजको रौनकः फेरिँदै तीज मनाउने शैली



**कालिका खड्का**

***'पारी पारी आएका ढाका टोपी लाएका,<br>तिनै होलान हाम्रा बाबा लिन आएका'***

गायिका लक्ष्मी मल्लको स्वरमा भर्खरै बजारमा आएको यो तीज गीतले नेपाली समाजमा हाम्रा हजुरआमा, आमा पुस्ताको तीजलाई झल्काउँछ । त्यो समयमा यातायातको सुविधा थिएन । अहिलेजस्तो सञ्चारको सुविधा थिएन । छोरीलाई विवाह गरेर टाढाटाढा पठाइएको हुन्थ्यो । तीजको अवसरमा छोरीलाई बुबा वा दाजुभाइ लिन जाने चलन हुन्थ्यो ।

हजुरआमा र आमा पुस्तालाई साँच्चै माइती जान, आमाबुबा, दिदीबहिनी र साथीसङ्गी भेट्न पनि निकै कष्ट थियो । विवाह गरेर टाढाटाढा पठाउने, यातायात तथा सञ्चारको सुविधा नभएकाले सुरक्षा र साहाराका दृष्टिकोणले पनि माइती लिन जानुपर्ने अवस्था थियो । घरबाट पनि हप्तपत्त माइत पठाउने चलन थिएन । माइतबाट बाबु वा दाजुभाइ लिन आएपछि बुहारी माइत पठाउनुपर्ने बाध्यता पनि बन्थ्यो । त्यो समयमा माइतीसँगको मिलनका लागि तीज पर्व निकै महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व बनेको थियो ।

यस्तै अनुभव छ नेकपा (एमाले)का सचिव पद्मा अर्यालको । 'हजुरआमा, आमा पुस्ताले आफ्ना घरमा परेका पीर व्यथा माइतीमा आएर साथीसङ्गीसँग गीतको माध्यमबाट पोख्ने लहरको रूपमा विकास हुँदै आयो, त्यो बेला अहिले जस्तो सूचना प्रविधिको समय थिएन,' नेतृ अर्यालले भन्नुभयो, 'यातायातको व्यवस्था थिएन, तीजमा माइती लिन आउलान् र जाउँला भनेर बस्नुपर्ने अवस्था थियो तर विस्तारै यो पर्व हिला एकता र सशक्तीकरणको पर्वका रूपमा मनाउने चलन हुँदै गयो, महिला एकताको पर्व जस्तो भयो ।'

पुराना पुस्ताले तीजलाई 'आफ्नो पीडा पोख्ने अवसर'का रूपमा लिएका थिए । समाजमा महिलाको अवस्था असमान थियो । विवाहपश्चात् पतिको घरमा गएपछि सासु, ससुरा, नन्द, देवर–भाउजुका व्यवहार, कामको बोझ र सीमित स्वतन्त्रताले महिला पिल्सिएका थिए । तीज आउँदा उनीहरू माइती फर्किन्थे । आफ्ना दिदी–बहिनी र साथीसँग दुःख–गुनासा पोख्थे । गीत–सङ्गीतमा समाजको कटाक्ष, पुरुषप्रधान मानसिकतामाथि व्यङ्ग्य र आफ्ना भावनालाई अभिव्यक्त गर्ने मौका पाउँथे । गायिका विष्णु माझीको तीज गीतले पनि यस्तै समाजको चित्रण गरेको छ । 'म त नराउरी, तिम्रा छोरा राम्रा, आमै... मत नराउरी ।'

धार्मिक र सांस्कृतिक पर्व तीजमा दर खाने, ब्रत बस्ने, नाच्ने गाउने गरिन्छ । आफ्ना पीर व्यथाका गीत मन खोलेर गाउँदा निर्धक्कसँग नाच्दा मनैदेखि खुशी भएर शारीरिक र मानसिक रूपमा महिला स्वस्थ्य पनि हुन्छन् । परापूर्वकालदेखि मनाउँदै आएको राम्रा संस्कृतिलाई भुल्नु पनि हुँदैन ।

'हजुरआमा पुस्ताले तीज पर्वलाई माइती मिलनका रूपमा हेरे पनि आमा पुस्ताले विस्तारै राज्य व्यवस्था परिवर्तन गर्ने अस्त्र बनायो,' सचिव अर्यालले थप्नुभयो, 'नयाँ पुस्ताले आधुनिकताका नाममा मौलिक संस्कृतिलाई बिर्सन हुँदैन, धार्मिक तथा सांस्कृतिक महत्वका गीतमा अस्लिलता प्रस्तुत गर्न हुदैन, संस्कृतिको संरक्षण गर्नुपर्छ ।' विगतको पुस्ताले विभेदको पर्खाल भत्काएको हुनाले अहिलेको पुस्ताले संस्कृतिको संरक्षण गर्दै मस्तले तीज मनाउनुपर्ने उहाँको भनाइ छ ।

पहिलाको तुलनामा समाज बदलिएको छ । सोच बदलिएका छन्, छोरीहरु आत्मनिर्भर हुँदै गएका छन्, सञ्चारको समय छ र एकैछिनमा विश्वभरि जहाँ भए पनि सम्पर्क गर्न सकिन्छ । समाजमा छोराछोरीलाई दुवै बराबर 'सन्तान'को रूपमा हेरिन थालेको छ । अहिलेका पुस्ताले हजुरआमा र आमा पुस्ताका दुःख केबल एकादेशको कथा जस्तो मात्रै छ । अहिले तीजमा पुरुष पनि गीत गाउन थालेका छन् । अहिलेको पुस्ताको तीज गीत नै फरक छ । समीक्षा अधिकारीको र खेम सेन्च्युरीले संयुक्तरूपमा गाएको गीतमा भनिएको छ, 'माया छ र पो मायालुको अर्थ छ, नत्र भने जिन्दगी व्यर्थ छ ओइ पुतली ।'

तीज पर्व नेपाली समाजमा महिलाको जीवन, संस्कृति र सामाजिक परिवर्तनसँग गासिएको गहिरो अध्याय हो । यो पर्वको ऐतिहासिक, पौराणिक र सांस्कृतिक महत्वलाई हेर्ने हो भने यसले केवल धार्मिक आस्था मात्र बोकेको छैन । समाजको रूपान्तरण, महिलाको अधिकार, शिक्षा र आत्मनिर्भरतालाई पनि प्रतिविम्बित गरेको छ ।

परम्परागत तीजमा दर खाने प्रथा घर–घरमा सीमित हुन्थ्यो । दिदी–बहिनी, छोरीलाई माइतीले बोलाएर दर खुवाउने गर्थे । आज यो संस्कार नयाँ रूपमा विस्तार भएको छ । महिलाहरू साथीभाइ भेला भएर होटल र रेष्टुरेन्टमा दर खान जान्छन् । फरक–फरक पेशामा संलग्न महिलाहरू व्यावसायिक पोशाकमै भेटिन्छन् । दर खान्छन् र रमाइलो गर्छन् । यसरी तीज अब घरको चारदिवारभित्र मात्र नभई सामाजिक जमघट र सहकार्यको पर्व बनेको छ । यसले समाजमा महिलाको आत्मविश्वास र सामाजिक उपस्थितिलाई झनै प्रकट गराएको छ ।

अहिले तीज मनाउने तरिकामा पनि आ–आफ्नै छ । नेपाल पत्रकार महासङ्घका केन्द्रीय अध्यक्ष निर्मला शर्माले तीज पर्वलाई भेटघाटको राम्रो अवसरका रूपमा लिनुहुन्छ । 'परापूर्वकालदेखि चल्दै आएको परिवारमा धेरै समय भेटघाट, गाउने, नाच्ने गर्दा पनि मन आनन्दि हुन्छ,' उहाँले भन्नुभयो, 'महिलालाई अहिले पनि हत्तपत्त फुर्सद हुँदैन, पर्वको बहानामा पनि महिला खुशी हुन पाउनु राम्रो चलन हो, मैले राम्रो रूपमा लिन्छु ।' महिलाले अहिले पनि कतिपय स्थानमा माइत जान भन्ने बित्तिकै पाउँदैनन् । कार्यालयमा छुट्टी नमिल्नेजस्ता विविध करणले गर्दा तीजजस्ता पर्व आवश्यक भएको उहाँको भनाइ छ ।

समयसँगै समाज अघि बढ्दै गयो । शिक्षा र चेतनाको विस्तारसँगै महिलाको स्थिति पनि क्रमशः परिवर्तन भयो । विद्यालय, विश्वविद्यालय र रोजगारीमा महिलाको सहभागिता बढ्दै गयो । महिलाले आत्मनिर्भर बन्ने अवसर पाए । अहिले महिलालाई तीज पर्वमा माइती घरमा गएर मात्र दर खानुपर्छ भन्ने छैन । साथीसङ्गी, विभिन्न सङ्घसंस्थाभित्र पनि आ–आफ्नौ मनका कुराहरु आदानप्रदान गर्ने गर्दछ । नाच्ने, गाउँने र रमाइलो गर्ने गर्छन् । यस परिवर्तनले तीज मनाउने शैलीमा ठूलो प्रभाव पा¥यो ।

अघिल्लो पुस्तामा जहाँ तीज 'दुःख पोख्ने माध्यम' थियो, अहिले त्यो 'खुशी मनाउने पर्व'मा बदलिएको छ । महिलाले अब तीजका गीतमा शिक्षा, समानता, आत्मनिर्भरता र अधिकारका कुरा गाउन थालेका छन् । तर केही भड्किला गीत पनि छन् । जुन समाज अनुकूल छैन । यस्ता गीतलाई परिर्वतन गर्न जरुरी छ ।

धर्म तथा संस्कृतिविद् डा शोभा ढुङ्गानालाई पर्व मनाउँदा समाजले केही राम्रो कुरा अनुसरण गर्न सकोस् भन्ने लाग्छ । 'तीज पर्व मनाउने तरिका र शैली हिजो र आज पूरै परिर्वतन भएको छ, गीत–सङ्गीत पनि समयसँगै फेरिएका छन्,' उहाँले भन्नुभयो, 'गीत प्रगतिशील, महिला सशक्तीकरण उपदेशमूलक हुनुप¥यो, गीत सुन्दै अप्ठयारो हुनु भएन, लेख्ने र गाउँनेको पनि आफ्नो र समाजको मर्यादा हेर्नुपर्छ ।'

आजभोलि मन्दिरमा गएर उछृङ्खलता प्रदर्शन गर्ने जस्ता दृश्यहरु देखिने गरेको हुँदा त्यसलाई पनि रोक्नुपर्ने उहाँको भनाइ छ । 'पर्वले समाज निर्माण गर्नुपर्छ, सकारात्मकता विकास गर्नुपर्छ,' धर्म तथा संस्कृतिविद् डा ढुङ्गानाले थप्नुभयो, 'सहकारीबाट पैसा लिएर तीज मनाएको पनि देखें मैले, त्यो गर्नु हुँदैन, भगवानलाई धनले होइन, प्रेमले पूजा गरे हुन्छ ।'

ऐतिहासिक र पौराणिक दृष्टिमा तीज पर्वको सुरुआत पौराणिक कथासँग जोडिएको छ । हिन्दू शास्त्रअनुसार हिमालयकी छोरी पार्वतीले महादेवलाई पति पाउने महान इच्छासहित कठोर ब्रत गरेकी थिइन् । धेरै वर्षको कठिन साधना, उपवास र ध्यानपछि अन्ततः महादेवले पार्वतीको अटल भक्ति र निष्ठाबाट प्रभावित भई उनलाई जीवनसाथीको रूपमा स्वीकार गरे । यही कथनले तीज पर्वलाई महिलाको श्रद्धा, समर्पण र आस्थाको प्रतीक बनाइएको छ । अहिले पनि धेरैजसो महिलाले तीजको दिन ब्रत बस्छन् । धार्मिक विधि–पूजा गर्छन् । पार्वती–महादेवको आशिर्वाद प्राप्त गर्ने उद्देश्य राख्छन् ।

आधुनिक समाजमा तीजको महत्वलाई जुन रूपले व्याख्या गरिए पनि यो एक पौराणिककालदेखि चलिआएको परम्परा मानिन्छ । हरित र आलिका मिलेर हरितालिका बनेको हो । यसमा हरिता भनेको हरण गरेर र आलिका भनेको सखीहरू भन्ने हुन्छ । अर्थात् सखीहरूबाट हरेर महादेवलाई पाउनका लागि पार्वतीले तपस्या गर्दा सफल भएकाले तीज पर्वलाई हरितालिका तीज भनिन्छ ।

तीज पर्वलाई परापूर्व कालमा माइती मिलनका रूपमा लिइने भए पनि अहिले तीज मनाउने शैली मनाउने फेरिएको छ । आसपी भेटघाट खुशी हुने रमाउने गरिन्छ । तीज पर्वको संस्कृतिलाई बचाई राख्न यसका राम्रा पक्षलाई अगाल्दै विकृतिलाई हटाउँदै मनाउन जरुरी छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालन गर्ने छलफल



**काठमाडौँ ।**
पोखरा र गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडान सञ्चालन गर्ने सम्बन्धी छलफल भएको छ । दुवै विमानस्थलबाट नियमित उडान गर्नेसम्बन्धी कार्ययोजनामा मंगलवार अर्थ मन्त्रालयमा छलफल भएको उपप्रधानमन्त्री विष्णुप्रसाद पौडेलको निजी सचिवालयले जनाएको छ ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको भारबहन व्यवस्थापन तथा गौतमबुद्ध र पोखरा विमानस्थलमा नियमित उडानका उपाय पहिचान तदनुरुप गर्ने सन्दर्भमा छलफल भएको हो ।

छलफलमा अर्थमन्त्री पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारी, मुख्यसचिव एकनारायण अर्याल, सचिवहरु तथा नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक लगायत सहभागी थिए ।रासस

# राज्य व्यवस्था समिति सभापतिमा न्यौपानेको मात्र उम्मेद्वारी



**काठमाडौँ ।**
प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको रिक्त सभापति पदमा नेपाली कांग्रेसकी सांसद ईश्वरीदेवी न्यौपानेको मात्र उम्मेद्वारी परेको छ ।

उनको उम्मेद्वारीको प्रस्तावकमा नेपाली कांग्रेसका सांसद रामहरि खतिवडा र समर्थकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद कृष्णगोपाल श्रेष्ठ रहनुभएको छ । न्यौपाने पनि सोही समितिकी सदस्य हुन ।

मंगलवार दिउँसो १:०० बजेदेखि ४:०० बजेसम्म उम्मेद्वार मनोनयन गर्ने कार्यतालिका रहेकामा उनले दिउँसो ३:०० बजे मनोनयन दर्ता गराएकी हुन ।

सभापतिमा उनको उम्मेद्वारी दर्ता गराउन नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे र एमालेका मुख्य सचेतक महेशकुमार बर्तौला समेत जानुभएको थियो ।

समितिको भोलि बस्ने बैठकमा प्रस्तावकले एक मात्र प्रस्ताव परेको जानकारी दिएपछि उनि निर्विरोध भएको घोषणा गरिने छ । नेपाल विद्यार्थी सङ्घबाट राजनीति सुरु गरेकी न्यौपाने हाल पार्टीको केन्द्रीय सदस्य हु । यसअघि उनि दुवै संविधानसभामा सदस्य हुन भने पार्टीका तर्फबाट संसदीय दलको सचेतकको भूमिका निर्वाह गरिसकेकी छन । पार्टीमा महिला विभाग प्रमुख भइ जिम्मेवारी सम्हाल्नुभएको अनुभव पनि उनिसँग छ ।

संसदीय सुनुवाई समितिको सभापतिको जिम्मेवारीमा रहनुभएकी नेतृ न्यौपानेले आजै मात्रै सभामुख समक्ष उक्त पदबाट राजिनामा दिनुभएको थियो । पार्टीको आजै बसेको पदाधिकारी बैठकले उनलाई सभापतिको उम्मेदवार बनाउने निर्णय गरेको थियो । सो पदका लागि बुधबार निर्वाचन हुँदैछ । कांग्रेसकै सांसद रामहरि खतिवडाले सभापतिबाट राजिनामा दिएपछि उक्त पद रिक्त थियो ।

उम्मेद्वारी दिएपछि सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै नेतृ न्यौपानेले संवेदनशील र महत्वपूर्ण विधेयकबारे निर्णय गर्न पर्ने राज्य व्यवस्था तथा सुशासन समिति सभापतिको प्राप्त जिम्मेवारी पुरा गर्न सबैलाई साथ र सहजीकरण गर्दै अघि बढ्ने प्रतिबद्धता जनाए ।

उनले भनिन, 'जहाँ बसेर काम गर्न चुनौती हुन्छ, त्यहाँ सम्भावना पनि उत्तिकै हुन्छ । वातावरण बनाएर जिम्मेवारी पुरा गर्नुपर्छ ।'रासस

# मुख्यमन्त्री आचार्यसँग शान्सी प्रान्तका उपसभामुखको भेट



**लुम्बिनी ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले चीनको शान्सी प्रान्तसँगको सम्बन्धले आगामी दिनमा दुई देशका जनतालाई अझ नजिक ल्याउन सेतुको भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरेका छन ।

उक्त प्रान्तको जनसभाका उपसभामुख चाङ चिष्यानको नेतृत्वमा आएको प्रतिनिधिमण्डलसँग मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलवार भएको भेटमा उनले पर्यटन, संस्कृति, हरित विकास, स्मार्ट सहर निर्माण, कृषि व्यवसायीकरण, शिक्षा तथा सीप विकासजस्ता क्षेत्रमा सहकार्यको आवश्यकता औँल्याए । उनले लुम्बिनी प्रदेशका जितगढी किल्ला, निग्लीहवा, तिलौराकोट, रामग्रामलगायतस्थललाई बौद्ध सांस्कृतिक केन्द्रका रूपमा विकास गर्न चीनसँग सहकार्य गर्न सकिने बताए ।

चीनका राष्ट्रपति सी चिनफिङले सन् २०१९ मा नेपाल भ्रमणका क्रममा लुम्बिनी क्षेत्रलाई नेपाल–चीन सम्बन्धको महत्त्वपूर्ण आधारका रूपमा विशेष उल्लेख गरेका स्मरण गर्दै मुख्यमन्त्री आचार्यले साझा इतिहास, संस्कृति र मित्रतालाई अझ बलियो बनाउन दुवै प्रदेशले मिलेर काम गर्नुपर्नेमा जोड दिए ।

उपसभामुख चाङले दुई पक्षबीच गहन छलफल भएको उल्लेख गर्दै पर्यटन पूर्वाधार, स्मार्ट सिटी निर्माण, सौर्य तथा वायु ऊर्जा, प्राविधिक शिक्षा, सीपयुक्त जनशक्ति विकास, वनस्पति तथा जडीबुटी प्रशोधनलगायत क्षेत्रमा सहकार्य गर्न सकिने बताए ।

त्यस अवसरमा लुम्बिनी प्रदेशका प्रमुख सचिव बाबुराम अधिकारीले पूर्वाधार विकास, दिगो पर्यटन विकास तथा सम्पदा प्रवद्र्धन, कृषिको आधुनिकीकरण, औद्योगिकीकरणलाई प्राथमिकतामा राखेर प्रदेशले काम गरिरहेको जानकारी दिए ।रासस

# उखु किसानको आन्दोलनमा समर्थन पुगेका नेताले भनेः 'किसानलाई ठूलो अन्याय भयो'

**काठमाडौं ।**
नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल, नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष डा.बाबुराम भट्टराई र नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले आन्दोलनरत उखु किसानको मागप्रति ऐक्यबद्धता जनाएका छन् ।

मंगलबार माइतीघरमा उखु किसानहरुको आन्दोलनमा सहभागि हुँदै उनीहरुले आन्दोलनरत किसानको मागप्रति ऐक्यबद्धता जनाएका हुन् ।

सोही क्रममा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले उखु किसानहरुका जायज मागहरुको सन्दर्भमा ऐक्यबद्धता जनाउन आएको भन्दै सिंगो देशको कृषि क्षेत्रलाई अगाडि बढाउने हो भने यो क्षेत्रमा राज्यले विशेष ध्यान दिनुपर्ने बताए ।

उनले भने, 'उखु किसानहरुका जायज मागहरुको सन्दर्भमा ऐक्यबद्धता जनाउन यहाँ आएका छौ । आन्दोलनरत सबै उखु किसानहरुले जुन माग अगाडि सार्नु भएको छ त्यो मागलाई विगतमा पनि हामीले जायज नै ठानेका थियौं । समस्या उखु किसानको मात्रै होइन्, सिंगो देशको कृषि क्षेत्रलाई अगाडि बढाउने हो भने यो क्षेत्रमा राज्यले विशेष ध्यान दिनुपर्छ ।'




साथै, नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष डा.बाबुराम भट्टराईले पनि झण्डै दुइ तिहाई जनसंख्या किसानहरुले बगाएको पसिनामा आधारित भएपनि किसानहरु अपहेलित भएको भन्दै क्रान्ति, परिवर्तन, लोकतन्त्रको नाममा ठूलो ठगी भइरहेको बताए ।

उनले भने, 'झण्डै दुई तिहाई जनसंख्या किसानहरुले बगाएको पसिनामा आधारित भएर चलेको छ र सरकार चलाउने मान्छेहरु, राजनीतिक दलका नेताहरु पनि त्यो किसानले पसिना बगाएर उत्पादन गरेको वस्तु खान्छौ । खाने कुरा कुनै मेसिनले होइन किसानले नै उत्पादन गर्छ । समाज र राज्यको केन्द्रमा को हुनुपर्छ भन्दा किसान हुनुपर्छ । तर सबैभन्दा अपहेलित नै किसान भएको छ । मान सम्मान नपाउने किसान, उत्पादन गरेको वस्तुको मूल्य नपाउने किसान अनि यो न्याय भयो ? यही हो क्रान्ति, परिवर्तन, लोकतन्त्र होइन, ठूलो ठगी भइरहेको छ ।'

यस्तै, नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले उखु किसान यसरी सडकमा आउनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएकोप्रति दुःख व्यक्त गर्दै उनीहरुको जायज मागलाई छिटोभन्दा छिटो पूरा गर्न सरकारसँग माग गरेका छन् ।

उनले भने, 'उखु किसान यसरी सडकमा आउनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भयो, त्यसप्रति दुःख व्यक्त गर्न चाहन्छु ।

उहाँहरुको माग जुन जायज छ, त्यो मागलाई छिटोभन्दा छिटो पूरा गर्न सरकारसँग माग गर्न चाहन्छु ।'

उखु किसान महासंघ संघर्ष समितिको आह्वानमा आइतबारदेखि भएको आन्दोलनमा किसानहरूले प्रतिक्विन्टल रु ७० का दरले बक्यौता भुक्तानी हुनुपर्ने माग गरेका छन् ।

यस्तै, चालु आर्थिक वर्ष २०८२÷८३ को बजेटमा अनुदानका लागि बजेट विनियोजन नगरेको विषय पनि उनीहरूले उठाएका छन् ।

उनीहरूले आर्थिक वर्ष २०८१÷८२ मा बिक्री गरेको उखुको एक अर्ब ६० करोड रुपैयाँ तत्काल भुक्तानी गर्नुपर्ने, आगामी वर्षमा उखुको अनुदानलाई निरन्तरता दिनुपर्ने र मूल्य निर्धारण आपसी छलफल गरेर मात्र गर्नुपर्ने माग पनि गरेका छन् । रासस

# 'महिला प्रतिनिधित्व स्थापित गर्न मङ्गलादेवीको योगदान अतुलनीय'



**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले राज्य सञ्चालनका विभिन्न तहमा महिला प्रतिनिधित्व स्थापित गर्न नेपाली कांग्रेसकी नेत्री मङ्गलादेवी सिंहको महत्त्वपूर्ण योगदान रहेको बताएका छन ।

नेपाल महिला सङ्घकी संस्थापक एवं नेपाली महिला आन्दोलनकी नेत्री मङ्गलादेवी सिंहको २९औँ स्मृति दिवसका अवसरमा मंगलवार शोभाभगवतीमा रहेको सिंहको सालिकमा माल्यार्पण गर्दै उनले महिला अधिकारका लागि उनको भूमिका अतुलनीय रहेको बताए ।

उपप्रधानमन्त्री सिंहले महिलाको हक, अधिकारका लागि आवाज उठाउने महिला नेत्री सिंह लगायत महिलाको सङ्घर्षको परिणामस्वरुप वर्तमान संविधानमा समावेशी, समानुपातिक प्रतिनिधित्व र नीतिगत तहमा महिला प्रतिनिधित्व सुनिश्चित भएको बताए ।

त्यस अवसरमा मङ्गलादेवी फाउन्डेसनकी अध्यक्ष सृजना सिंहले मङ्गलादेवी सिंह नेपाली महिलाका लागि प्रेरणाकी स्रोत हुनुहुन्यो भने । महिलालाई चुलोचौकोबाट बाहिर निस्केर आफ्ना हक, अधिकारका निम्ति लड्न २००४ साल साउन २४ गते मङ्गलादेवी सिंहको अध्यक्षतामा महिला महिला सङ्घ स्थापना भएको थियो ।रासस

# ऊर्जामन्त्री खड्का र कोरियाली राजदूतबीच शिष्टाचार भेट

**काठमाडौं ।**
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री दिपक खड्का र नेपालकालागि दक्षिण कोरियाली राजदूत पार्क ताइ योङबीच शिष्टाचार भेट भएको छ ।

भेटवार्तामा आगामी सेप्टेम्बर १६–१८ मा हुने ग्लोबल इन्फ्रास्ट्रक्चर कर्पोरेशन कन्फरेन्स २०२५ को तयारीसम्बन्धी विषयमा विशेष छलफल भएको छ ।

राजदूत योङले हालसम्म ३५ देशले उक्त कार्यक्रममा सहभागिता सुनिश्चित गरिसकेको जानकारी दिँदै नेपालका ऊर्जा परियोजनाहरूलाई अन्तर्राष्ट्रिय जगतमा प्रस्तुत गर्न यसलाई महत्वपूर्ण अवसरका रूपमा उपयोग गर्न सकिने विश्वास व्यक्त गरे ।

सो अवसरमा अपर त्रिशुली–१ जलविद्युत आयोजना र प्रसारण लाइन आयोजनासहित नेपालमा कोरियाली सहयोगमा अघि बढिरहेका विभिन्न परियोजनाका बारेमा समेत छलफल गरिएको छ ।

मन्त्री खड्काले नेपालमा भइरहेको कोरियाली सहयोग र लगानीप्रति आभार व्यक्त गर्दै प्रसारण लाइन र अन्य ऊर्जा पूर्वाधार परियोजनामा भइरहेको सहकार्यलाई सकारात्मक मोडमा अघि बढाइरहन प्रतिवद्धता जनाए ।

उनले नेपालको ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रमा अझ थप कोरियाली लगानी आकर्षित हुने विश्वास व्यक्त गरे ।

दुवै पक्षले ग्लोबल इन्फ्रास्ट्रक्चर कर्पोरेशन कन्फरेन्स २०२५ मार्फत नेपालको जलविद्युत क्षेत्रका सम्भावना तथा लगानी अवसरलाई उजागर गर्न सकिने र यसले द्विपक्षीय ऊर्जा सहकार्यलाई नयाँ उचाइमा पुर्याउने विश्वास व्यक्त गरेका छन् । रासस

# भेरी अस्पतालमा निःशुल्क डाइलायसिस सेवा

**नेपालगञ्ज ।**
भेरी अस्पतालमा अब अल्जाइमर्स, पार्किन्सन्स र सेरोपोजेटिभका बिरामीले निःशुल्क डाइलायसिस सेवा पाउने भएका छन् ।स्वास्थ्य सेवा विभागअन्तर्गतको नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाले विपन्न नागरिक औषधोपचार कार्यक्रम सञ्चालन निर्देशिकाअनुसार ती सेवाका लागि भेरी अस्पताललाई सूचीकृत गरेसँगै बिरामीले निःशुल्क डाइलायसिस सेवा पाउने भएका हुन् ।

भेरी अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेण्ट डा निराजन सुवेदीले हेपाटाइटिस बी र एचआइभी सङ्क्रमितलाई सेरोपोजेटिभ बिरामीको रुपमा परिभाषित गरिएको जानकारी दिए । बिरामीले एक वर्षमा तीन लाख रुपैयाँ बराबरको डाइलायसिस सेवा पाउनेछन् ।

अस्पताल सूचीकृत भएसँगै लामो समयदेखि डाइलायसिस सेवाको खर्च थेग्न नसकेर उपचारमा समस्या भोग्दै आइरहेका बिरामीलाई ठूलो राहत मिल्ने भएको छ । अस्पतालका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट सुवेदीले बुधवारबाट सो सेवा सुरु हुने जानकारी दिए । हालसम्म ज्येष्ठ नागरिक, सिकलसेल तथा थालेसिमिया, सामान्य डाइलायसिस, स्पाइन इन्जुरी, हेडइन्जुरी र मुटुका बिरामीले विपन्न नागरिक औषधोपचार कार्यक्रमबाट निःशुल्क सेवा लिँदै आएका थिए । अस्पताललाई मिर्गौला प्रत्यारोपण र पेरिटोनियल डायलाइसिसका लागि पनि सूचीकृतको अन्तिम तयारी थालिएको छ । सूचीकृत भए मिर्गौला प्रत्यारोपणका बिरामीहरुले भेरी अस्पतालबाटै सात लाख रुपैयाँ पाउनेछन् ।रासस

# रसुवा र तातोपानी नाका सञ्चालनमा ल्याउन चेम्बरको आग्रह

**काठमाडौँ ।**
गत असारको भारी वर्षा र बाढीका कारण अवरुद्ध रसुवा र तातोपानी नाका यथाशीघ्र सञ्चालनमा ल्याउन नेपाल चेम्बर अफ कमर्सले सरकारको ध्यानाकर्षण गराएको छ । यी दुई नाका नजिकिँदो चाडपर्वका बेला बन्द भएपछि व्यापार, व्यवसाय र वस्तु आयात निर्यात प्रणालीमा गम्भीर समस्या देखिएकाले तत्काल पुनर्निर्माण गर्न चेम्बरले सरकारसमक्ष आग्रह गरेको हो । यसले मूल्यवृद्धिमा समेत असर गर्ने भएकाले सरोकारवाला परराष्ट्र मन्त्रालय, अर्थ, गृह, भौतिक पूर्वाधार तथा यातायात र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा ध्यानाकर्षण गराइएको चेम्बरद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । लत्ताकपडाका साथै दैनिक उपभोग्य वस्तु बजारमा अभाव सृजना हुने जोखिम बढेको चेम्बरले जनाएको छ । विज्ञप्तिमा भनिएको छ, 'दशैँ, तिहार र छठजस्ता ठूला पर्व नजिकिँदै छन् । अवरुद्ध तातोपानी र रसुवा नाका समयमा पुनर्निर्माण सम्पन्न नहुँदा आयात प्रत्यक्ष प्रभावित भएको र यसले उपभोक्तामाथि अतिरिक्त आर्थिक बोझ पर्न सक्ने देखिन्छ ।'
चीनसँग जोडिएको महत्त्वपूर्ण नाकाहरू लामो समय बन्द हुँदा वैदेशिक व्यापारमात्र नभइ साना उद्योग र व्यावसायिक प्रतिष्ठान पनि सङ्कटमा परेको चेम्बरका भनाइ छ । रासस

# नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार

**काठमाडौँ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । परिसूचक चार दशमलव ८३ अङ्कले बढेर दुई हजार ७६६ दशमलव ०९ बिन्दुमा कायम भएको हो।
मंगलवार ३२२ कम्पनीको ९२ लाख ४३ हजार २३२ कित्ता शेयर ४५ हजार ११६ पटक खरिदबिक्री हुँदा चार अर्ब १८ करोड ५३ लाख १५ हजार ७३४ रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।
आजको कारोबारमा लगानी समूह शून्य दशमलव १०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६८, लघुवित्त शून्य दशमलव ४८ र निर्जीवन बीमा समूह शून्य दशमलव १० प्रतिशतले घटेको छभने अरु सबै समूहको उपसूचक बढेको छ। बैंकिङ शून्य दशमलव १४, विकास बैंक शून्य दशमलव ९६, वित्त शून्य दशमलव १२, होटल तथा पर्यटन शून्य दशमलव १७, जलविद्युत् शून्य दशमलव ०७ र जीवन बीमा समूह शून्य दशमलव ०६ प्रतिशतले बढेको छ। त्यस्तै, म्युचुअल फन्ड शून्य दशमलव १३, व्यापार शून्य दशमलव ११ र अन्य समूह एक दशमलव ४२ प्रतिशतले बढेको छ।
विकास हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने कुमारी सबल योजनाको शेयर मूल्य तीन दशमलव ६६ प्रतिशतले घटेको छ।
कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको ४८ करोड ९५ लाख ७८ हजार २२४ रुपैयाँ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै हिमालयन ८०–२० को छ लाख ५२ हजार ८२ कित्ता शेयर किनबेच भएको छ।रासस

# रोपो कुहिन थालेपछि किसान चिन्तित



**बागलुङ ।**
यहाँको काठेखोला गाउँपालिका–१ पालाका तुलबहादुर खत्रीको दुई हलको मेलामा रोपेको धानको रोपो पूर्ण रुपमा कुहिएको छ । गोडमेल गर्ने बेलामा केही गाँज कुहिएको थियो । थप नकुहियोस् भनेर औषधि छर्कनुभयो । तर, कुहिन रोकिएन, हेर्दाहेर्दै खेत रित्तै हुन लागेको उनको भनाइ छ ।
काठेखोला गाउँपालिका, बागलुङ नगरपालिका र जैमिनी नगरपालिकाका अधिकांश किसान खत्रीको जस्तै रोपो कुहिने समस्याले चिन्तित छन् । किसानले कृषि ज्ञान केन्द्रमा रोपो कुहिएको र सुकेको जानकारी गराएका छन् । ज्ञान केन्द्र प्रमुख राजेश्वर सिलवालसहितका प्राविधिकको टोलीले स्थलगत जाँच गरेको छ । गवारो कीरा र खेत कुहिने रोगका कारण अधिकांश किसानको रोपो कुहिएको र सुकेको सिलवालले बताए ।
सिलवालका अनुसार किसानमा प्राविधिक ज्ञानको अभावले रोपो कुहिने र सुक्ने समस्या देखिएको हो । जथाभावी झारनाशक विषादीको प्रयोग गरेका कारण पनि रोपोमा समस्या देखिएको उनले बताए । 'रोपो कुहिएको र सुकेको भन्दै दैनिक कृषि ज्ञान केन्द्रमा सात जनाभन्दा बढी किसान आउनुहुन्छ,' सिलवालले भने, 'खेतमै पुगेर अनुगमन गर्ने र सल्लाह सुझाव दिने गरेका छौँ ।'
गौरिया, मसिनो, गुडुरा, जेठोबुढो र हाइब्रिड धानमा बढी समस्या देखिएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत सन्तोष अधिकारी बताए ।
निरीक्षणपश्चात समस्या अनुसार विषादी दिएर पठाउने गरेको उनले बताए ।
उनका अनुसार रोपो पहैँलो हुने समस्या देखिएपछि किसानले युरिया मल प्रयोग गर्दा समस्या थपिएको हो । जिल्लामा धानखेती हुने पाँच हजार ७०७ सात हेक्टर क्षेत्रफलमध्ये पाँच हजार ४७८ हेक्टर क्षेत्रफलमा यसवर्ष रोपाइँ भएको छ । रासस

# पर्यटकीय गन्तव्य बन्दै जन्तीढुङ्गा



**काभ्रेपलाञ्चोक ।**
यहाँको बनेपा नगरपालिका–१२ बाँसडोलदेखि माथि रहेको 'जन्तीढुङ्गा' पछिल्लो समय पर्यटकीय गन्तव्य बनेको छ । बजारको कोलाहल, धुँवाधुलो र प्रदूषणले नभेट्ने जन्तीढुङ्गामा आनन्द लिन आउनेहरूको घुइँचो लाग्ने गरेको छ ।
हरियाली वातावरणमा आनन्द लिन र टिकटक बनाउन यहाँ आउनेको सङ्ख्या बढेको हो ।
विराटनगर घर भई हाल काठमाडौँ बानेश्वरमा अध्ययनरत विकास यादवले टिकटकमा भिडियो देखेपछि घुम्न आएको बताए । 'यहाँको दृश्यहरू हेर्दा निकै रमाइलो लागेको कारण कलेज बिदाका दिन पारेर घुम्न आएको हुँ', उनले भने, 'यहाँ आएपछि भिडियोमा देखेको भन्दा अझ रमाइलो र आकर्षक लाग्यो ।'
बनेपाबाट जन्तीढुङ्गा आइपुग्नुभएका गणेश तामाङले यहाँ आइपुग्दा रमाइलो लागेको प्रतिक्रिया दिए । 'भिडियोमा त सबै हेर्न पाइँदैन, आफैँ आएर यहाँका हावापानीसँग खेल्दै डाँडासम्म चढेर सुन्दर दृश्य हेर्न पाउँदा झनै रमाइलो हुँदोरहेछ', उनले भने ।
स्थानीयबासिन्दा शम्भु कुँवरका अनुसार भौगोलिक दृष्टिकोणले मात्र आकर्षक नभएर जन्तीढुङ्गा धार्मिक महत्व बोकेको स्थान पनि हो ।
मौलिक कथन अनुसार भगवान बेथानचोक नारायणले त्यहाँ रहेको पञ्चकन्या देवीसँग विवाह गर्न गरिएको बाचाअनुसार त्यो पूरा गर्न नसक्दा विवाहका लागि पुगेका बेहुलासहित सबै जन्तीहरू शिला (ढुङ्गा) भएर बसेका कारण त्यो ठाउँको नाम जन्तीढुङ्गा रहन गएको भनिन्छ । भित्तामा लस्करै रहेको ढुङ्गा हेर्न सिँढी निर्माण गरिएको छ । जन्तीढुङ्गाको माथि रहेको समथर स्थानमा बुद्धको प्रतिमा निर्माण र त्यहाँसम्म जाने सिँढी निर्माण गर्न वडा कार्यालयले योजना बनाइरहेको छ ।
मानिसको घुँइचो बढ्न थालेपछि अहिले यहाँका स्थानीयले पसल सञ्चालन गरी आम्दानी लिन थालेका छन् । पनौती नगरपालिका–४ खत्रीगाउँका देवीमाया खत्रीले मान्छेको आवागमन धेरै हुन थालेपछि पसल गरेर दैनिक एक हजार पाँच सयदेखि पाँच हजारसम्मको व्यापार गर्ने गरेको बताए ।
बनेपाबाट जनगाल, भैँसेपाटी बाँसडोल हुँदै बुढागणेश मन्दिर हुँदै करिब नौ किलोमिटर पार गरेपछि जन्तीढुङ्गा पुग्न सकिन्छ ।
पनौती बसपार्कदेखि चामखर हुँदै पनि यहाँ आइपुग्न सकिन्छ ।रासस

# क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सले १ करोड १० लाख नाफा कमायो

**काठमाडौं ।**
क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडले आ.व. २०८१/८२ (२०२५) को पहिलो नौ महिनामा १ करोड १० लाख रुपैयाँ नाफा कमाएको छ । कम्पनीले यसअघि आ.व. २०८०/८१ (२०२४) मा १ करोड ३० लाख रुपैयाँ नाफा आर्जन गरेको थियो ।
इक्रा नेपालको प्रतिवेदन अनुसार, क्रेस्टले ९ महिनामा कुल बीमा प्रिमियम संकलन २३ करोड ६० लाख रुपैयाँ पु¥याएको छ, जुन अघिल्लो आ.व.को ९ करोड ८० लाख रुपैयाँको तुलनामा दुई गुणाभन्दा बढी हो । कम्पनीको लगानी पोर्टफोलियो पनि बढ्दै २०७९ चैतसम्म करिब ७४ करोड ७० लाख रुपैयाँ पुगेको छ । जसको अधिकांश हिस्सा वाणिज्य बैंकहरूको सावधि निक्षेपमा राखिएको छ । यसले औसत ८.४ प्रतिशत प्रतिफल दिएको प्रतिवेदनमा उल्लेख छ ।
इक्रा नेपालले क्रेस्टको इशुअर रेटिङलाई (इक्रा एनपी आएआर) मा यथावत् राखेको छ, जसले मध्यम स्तरको जोखिम जनाउँछ । प्रतिवेदनले कम्पनीको पर्याप्त पुँजी संरचना (२०८१ साउनसम्म १.९७ गुणा भुक्तानी अनुपात) र २३ शाखा तथा करिब १ हजार ४०० एजेन्टमार्फत विस्तार भएको नेटवर्कलाई सकारात्मक मानिएको छ ।
तर, प्रतिवेदनले चुनौतीहरू पनि औंल्याएको छ । क्रेस्ट अझै पनि जीवन बीमामा उच्च मात्रामा टर्म (सुरक्षा) नीतिमा निर्भर छ, जसले आ.व. २०८१/८२ को पहिलो नौ महिनामा कुल प्रिमियमको करिब ७१ प्रतिशत हिस्सा ओगटेको छ । संस्थागत तथा ऋण–सम्बद्ध बीमा नीतिहरुमा बढी निर्भरता र ठूला जीवन बीमा कम्पनीहरूसँग बढ्दो प्रतिस्पर्धाले दीर्घकालीन लाभप्रदता र विस्तारमा चुनौती खडा गर्ने देखिन्छ ।
क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सलाई नेपाल बीमा प्राधिकरणले २०८० सालमा अनुमति दिएको हो । कम्पनीको मुख्य कार्यालय सुर्खेतमा र केन्द्रीय कार्यालय ललितपुर, सानेपामा रहेको छ । प्रमुख शेयरधारकमध्ये हिमालयन रिइन्स्योरेन्स लिमिटेडको १५ प्रतिशत, मेट्रो क्यापिटल प्रा.लि.को १२ प्रतिशत शेयर छ र अन्य निजी लगानीकर्ताहरू रहेका छन् ।

# बैंक परिवर्तन हुँदा सामाजिक सुरक्षाभत्ता बुझ्न सास्ती



**खोटाङ ।**
बैंक परिवर्तन हुँदा यहाँको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका सामाजिक सुरक्षाभत्ता लिने लाभग्राही समस्यामा परेका छन् । साल्पा विकास बैंकले यसअघि वितरण गर्दै आएको दशवटा वडामध्ये पाँचवटा लाभग्राहीका लागि बैंक परिवर्तन भएपछि उनीहरु समस्यामा परेका हुन् ।
पन्ध्र वटा वडा रहेको यस नगरपालिकामा सालपा विकास बैंकले यस आवदेखि ५, ६, ७, ८, १० र ११ वडामा भत्ता वितरण नगर्ने भएको हो ।
वडा नं ८ दोर्पाबुवालुङमा नबिल बैंक र वडा नं ११ खार्मीमा एनआइसी एसिया बैंकले सामाजिक सुरक्षाभत्ता वितरण गर्ने सहमति गरे पनि सम्झौता गर्न नआएको नगरपालिकाले जनाएको छ । गत साउन १ गते नगरपालिका र बैंकबीच सहमति भएको थियो । तर बैंकहरू कार्यान्वयनका लागि नआएपछि भदौ ८ गते लिखित रूपमा बैंकलाई पत्राचार गरिएको प्रवक्ता दिनेश घिमिरेले जानकारी दिए ।
राज्यले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षाभत्ता वितरण गर्ने बैंक टुङ्गो नलागेपछि लाभग्राहीहरू खाता खोल्न भनेर दिक्तेल आए पनि फर्कन बाध्य भएका छन् । भत्ता वितरण गर्ने बैंक टुङ्गो लागेका वडाका लाभग्राहीका लागि पनि नयाँ खाता खोल्न बैंकले अनिवार्य राष्ट्रिय परिचयपत्र लागू गरेपछि झनै समस्यामा परेका छन् ।
राज्यले उपलब्ध गराउँदै आएको सेवा उपभोग गर्न सास्ती भोग्नुपरेको रुपाकोट मझुवागढी नगरपालिका–११ खार्मीका ७८ वर्षीय लाभग्राही ज्ञानबहादुर राईले दुःखेसो सुनाए ।
अपाङ्गता भएका व्यक्ति, ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक र १६ वर्षमुनिका बालबालिकाका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको छैन । तर, सामाजिक सुरक्षाभत्ता तथा बैंकिङ कारोबारका लागि जिल्लामा सञ्चालित सबै बैंकले राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि लाभग्राही समस्यामा परेका हुन् । रासस

# टेरीटरीमाथि नेपालको ४१ रनको जित

**काठमाडौं ।**
पहिलो अभ्यास खेलमा नेपालले अष्ट्रेलियन क्रिकेट टेरीटरीलाई ४१ रनले पराजित गरेको छ ।
नेपालले दिएको १ सय ७८ रनको लक्ष्य पछ्याएको टेरीटरी १७ ओभर २ बलमा १ सय ३६ रन मात्र बनायो ।
नेपालको जितमा सन्दीप लामिछानेले ३१ रन खर्चेर ह्याट्रिकसहित ५ विकेट लिए । करण केसी २, रुपेश सिंह र कुशल भुर्तेलले एकएक विकेट लिए ।
त्यसैगरी ब्याटिङमा टेरीटरीका जेक स्मिथले सर्वाधिक ५० रन बनाए । रासस

# ६ लाख चिनियाँ विद्यार्थीलाई अमेरिकाले भिषा दिने ट्रम्पको घोषणा, देशभित्र विरोध

**काठमाडौं ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अचम्मको निर्णय गरेका छन् ।उनले ६ लाख चिनियाँ विद्यार्थीलाई अमेरिकी विश्वविद्यालयमा पढ्न अनुमति दिएका छन् । यो निर्णय यही बेला आएको हो, जुनबेला उनको सरकारले अन्तर्राष्ट्रिय विद्यार्थीमाथि कडा कारबाही गरिरहेको छ ।
तर, योसँगै ट्रम्पको पछिल्लो यो निर्णयविरुद्ध देशभित्रै विरोधको आवाज उठ्न थालेको छ । यो विरोध उनकै समर्थकहरुले गरिरहेका छन् ।
वास्तवमा यी समर्थकहरू 'मेक अमेरिका ग्रेट अगेन' का समर्थक हुन्। उनीहरू विश्वास गर्छन् कि ट्रम्पले उनीहरूलाई धोका दिए र 'अमेरिका फस्ट'को नीतिलाई अहिले लत्याएका छन् ।
ट्रम्पले वासिङ्टन र बेइजिङबीचको अत्यन्त महत्त्वपूर्ण सम्बन्धको बारेमा कुरा गरेका छन्, जुन उसको अघिल्लो नीतिको विपरीत हो, जसले चिनियाँ कम्युनिष्ट पार्टी वा संवेदनशील अनुसन्धानसँग सम्बन्धित विद्यार्थीहरूको भिसा रद्द गर्ने कुरा गरेको थियो। 'हामी उनीहरूका विद्यार्थीहरूलाई आउन दिनेछौं, यो धेरै महत्त्वपूर्ण छ, ६ मिलियन विद्यार्थीहरू अब अमेरिका आउन सक्नेछन्। हाम्रो चीनसँग राम्रो सम्बन्ध हुनेछ,' ट्रम्पले ओभल अफिसबाट पत्रकारहरूलाई भने।
यद्यपि, उनले बेइजिङलाई अमेरिकाले दुर्लभ पृथ्वी चुम्बकको आपूर्ति नपाएमा भने २०० प्रतिशत शुल्क तिर्ने चेतावनी पनि दिएका छन् । तर, उनले दुई देशबीचको व्यापारिक तनावले चिनियाँ विद्यार्थीलाई कुनै असर नपर्ने र उनीहरू अमेरिकामा पढ्न सक्ने बताए ।
ट्रम्पको यो भनाइ बाहिर आएसँगै उनका कट्टर समर्थकहरु आक्रोशित भएका छन् । यी समर्थकहरू 'मेक अमेरिका ग्रेट अगेन' आन्दोलनसँग जोडिएका छन्। उनले यसलाई 'अमेरिका फस्ट' नीतिको विश्वासघात भनेका छन् ।
'अमेरिका फस्ट' नीतिका समर्थक लौरा लुमरले ट्रम्पको निर्णयको कडा आलोचना गरेका छन् र चिनियाँ विद्यार्थीहरूलाई 'सीसीपी जासूस' भनेर चिन्नु पर्ने बताएका छन्।
ट्रम्पको यो नयाँ घोषणा उनको मे महिनाको भिसा नीतिको विरुद्ध हो, जसमा 'अमेरिका फस्ट' को कुरा गरिएको थियो।
त्यस समयमा, विदेश सचिव मार्को रुबियोले भने, 'राष्ट्रपति ट्रम्पको नेतृत्वमा, अमेरिकी विदेश विभाग र होमल्यान्ड सेक्युरिटी विभागले चिनियाँ विद्यार्थीहरूको भिसा खारेज गर्न कडा रूपमा काम गर्नेछ, विशेष गरी ती विद्यार्थीहरूको लागि, जो चिनियाँ कम्युनिष्ट पार्टीसँग आबद्ध छन् वा महत्त्वपूर्ण क्षेत्रमा अध्ययन गरिरहेका छन्।
हामी भविष्यमा जनवादी गणतन्त्र चीन र हङकङबाट भिसा आवेदनहरूको जाँचलाई कडा गर्नेछौं।' एजेन्सी

# भियतनामी उपराष्ट्रपतिको भ्रमण, धार्मिक–सांस्कृतिक पर्यटनमा प्रचुर सम्भावनाको खोजी



**काठमाडौँ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवको मैत्रीपूर्ण निमन्त्रणामा नेपालको तीनदिने औपचारिक भ्रमणमा आएकी भियतनामका उपराष्ट्रपति भो थि आन सुआन भ्रमण सम्पन्न गरी सोमबार स्वदेश फर्कीएकी छन।

उपराष्ट्रपति सुआनले भ्रमणका दौराने राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीसँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गरेका थिए । साथै उनले आफ्ना नेपाली समकक्षी रामसहायप्रसाद यादवसँग द्विपक्षीय भेटवार्ता गरे थिए भने परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले उहाँसँग शिष्टाचार भेटवार्ता गरे।

नेपाल र भियतना दुवै मुलुकको सेतुका रुपमा बौद्ध धर्म रहेकाले अधिकांश द्विपक्षीय भेटवार्तामा धार्मिक–सांस्कृतिक पर्यटनका प्रचुर सम्भावनाबारेमा छलफल भएको थियो । दुवै मुलुकबीच सन् १९७५ मे १५ मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो।

राष्ट्रिय जनगणना २०७८ को जनगणनाअनुसार नेपालमा बौद्ध धर्मावलम्बीको सङ्ख्या २३ लाख ९३ हजार ५४९ छ। जुन कूल जनसङ्ख्या दुई करोड ९१ लख ६४ हजार ५७८ को आठ दशमलव दुई प्रतिशत हो। त्यस्तै भियतनाम सरकारको धार्मिक मामिलासम्बन्धी समितिको तथ्याङ्कअनुसार त्यहाँ करिब एक करोड ४० लाख बौद्ध धर्मावलम्बी रहेको उल्लेख छ । झण्डै १० करोड जनसङ्ख्या भएको भियतनामको कूल जनसङ्ख्याको यो लगभग १३ दशमलव तीन प्रतिशत हो।

भेटका क्रममा राष्ट्रपति पौडेलले नेपाल र भियतनामबीच व्यापार, पर्यटन, लगानी र प्रविधि हस्तान्तरणका क्षेत्रमा द्विपक्षीय आर्थिक सम्बन्ध प्रगाढ बनाउने सम्भावना रहेको बताएका थिए । साथै उनले विशेषतः बौद्ध धर्म दुवै देशका जनताबीचको गहिरो सम्बन्धका लागि सेतुका रूपमा रहेको बताउँदै लुम्बिनीलाई धेरै भियतनामीले आफ्नो जीवनमा एकपल्ट अवश्य दर्शन गर्नुपर्ने पवित्र स्थलका रूपमा हेर्नु खुसीको विषय भएको उल्लेख गरेका थिए।

त्यस्तै, उपराष्ट्रपति सुआनले संस्कृति, खेलकुद र पर्यटनका क्षेत्रमा दुवै देशबीच सहकार्य गर्न आवश्यक रहेको बताउँदै अन्तरराष्ट्रिय क्षेत्रमा नेपालले शान्ति कायम गर्न देखाएको अग्रसरता र जलवायु परिवर्तनको असरका सम्बन्धमा गरेको प्रतिबद्धताबाट आफू प्रभावित भएको बताउनुभएको थियो।

उपराष्ट्रपति यादव र उहाँबीच भएको द्विपक्षीय भेटवार्तामा उनिहरुबीच दुवै मुलुकबीचको सम्बन्ध मित्रता, सद्भावना र सार्वभौमिकताको सम्मानमा आधारित रहेको र अन्तरराष्ट्रिय मञ्चमा साझा धारणाका साथ अघि बढ्ने सम्बन्धमा कुराकानी भएको थियो।

दुवै उपराष्ट्रपतिबीच मन्त्रालयगत र विभिन्न तहमा भ्रमण आदानप्रदान गर्ने सहमति हुनुका साथै दुवै मुलुकबीच धार्मिक सांस्कृतिक पर्यटनको प्रचुर सम्भावनाका ढोका खोल्नेबारेमा छलफल भएको थियो । त्यसका लागि दुवै मुलुकबीच हवाई सम्बन्ध विस्तारका लागि आपसी छलफल गर्ने विषयमा कुराकानी भएको थियो।

भियतनामकोतर्फबाट यो पहिलो उच्चस्तरीय भ्रमण हो। यो वर्ष नेपाल र भियतनामबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औँ वर्षगाँठसमेत परेकाले यस भ्रमणलाई विशेष महत्वका साथ हेरिएको छ । उपराष्ट्रपति सुआन शनिबार नेपाल आएका थिए।

त्यसैगरी प्रधानमन्त्री केपी शर्मा ओली र उपराष्ट्रपति सुआनबीचको भेटवार्तामा उनिहरुबीच दुई देशबीच रहँदै आएको समस्यारहित सम्बन्धलाई अझ प्रगाढ बनाउन अनुभव आदानप्रदानका साथै सम्बन्ध विस्तारका विविध पक्षमा छलफल भएको थियो। भेटमा दुई देशबीच सरकार–सरकार, व्यवसाय–व्यवसाय र जनता–जनताका साथै कूटनीतिक र सांस्कृतिक क्षेत्रका सम्बन्धलाई अझ बलियो बनाउने विषयमा कुराकानी भएको थियो।

यसैगरी, उपराष्ट्रपति सुआनसँग परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले शिष्टाचार भेटवार्ता गरी दुवै देशबीचको सांस्कृतिक सम्बन्धलाई उजागर गर्नुपर्ने र बौद्धधर्म दुवै देश र जनताको सम्बन्ध विस्तारको एक सबल कडी रहेकामा जोड दिनुभएको थियो । उनले भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमणमा धेरै भियतनामी नागरिक आउने गरेको प्रसङ्ग उल्लेख गर्दै सांस्कृतिक पर्यटन प्रवद्र्धनका क्षेत्रमा दुवै देश मिलेर काम गर्न सकिने पनि बताएका थिए।

मन्त्री डा राणाले भियतनामबाट नेपालका भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पोखरा विमानस्थलमा उडानको वातावरण निर्माणका लागि पनि आग्रह गरेका थिए।

त्यसैगरी उपराष्ट्रपति सुआनसँग नेपाल चेम्बर अफ कमर्शका पदाधिकारीले नेपाल र भियतनामबीच व्यापार, लगानी तथा निजी क्षेत्रका सहकार्यका विषयमा छलफल गरेको थियो । भियतनामका अनररी कन्सुल एवं नेपाल चेम्बर अफ कमर्शका पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठ, अध्यक्ष कमलेशकुमार अग्रवाल, निवर्तमान अध्यक्ष राजेन्द्र मल्ल, वरिष्ठ उपाध्यक्ष दीपककुमार मल्होत्रा, महिला चेम्बर अध्यक्ष उर्मिला श्रेष्ठसहितका पदाधिकारीहरुले उनिसँग भेटगरी द्विपक्षीय लगानी, व्यापार र पर्यटन प्रवद्र्धनका विषयमा छलफल गरेका थिए।

चेम्बर अफ कमर्शले नेपाल–भियतनामबीच कृषि, पर्यटन, ऊर्जा, शिक्षा र सूचना प्रविधिजस्ता क्षेत्रमा सहयोग तथा साझेदारीको अपार सम्भावना रहेको भन्दै व्यावहारिक कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिएका थिए।

उपराष्ट्रपति सुआनले भ्रमणको अन्तिम दिन सोमबार विश्वसम्पदा सूचीमा सूचीकृत पाटन दरबार स्क्वायर र बौद्धनाथ क्षेत्रको स्थलगत अवलोकन गरेका थिए । सांस्कृतिक सम्पदाको धरोहर पाटन दरबार स्क्वायर र बौद्धधर्मको ऐतिहासिक महत्वको सम्पदा बौद्धनाथको अवलोकनले पनि यस भ्रमणले विशेष महत्व राखेको छ।रासस

# तीज पर्वले चेलीबेटी र माइतीबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउँछःसभापति देउवा

**काठमाडौं।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले तीज पर्वले चेलीबेटी र माइतीबीचको सम्बन्धलाई अझ प्रगाढ र हार्दिक बनाउन महत्वपूर्ण भूमिका खेलेको बताएका छन्।

तीज पर्वको अवसरमा शुभकामना सन्देश दिँदै उनले तीजले महिलाहरूको जीवनसँग गाँसिएका सांस्कृतिक, पारिवारिक र भावनात्मक पक्षहरू उजागर गर्नुका साथै चेलीबेटी र माइतीबीचको सम्बन्धलाई अझ प्रगाढ र हार्दिक बनाउन महत्वपूर्ण भूमिका खेलेको बताएका हुन्।

उनले लेखेका छन्,‘हाम्रो देश धार्मिक, सांस्कृतिक र परम्परागत विविधताले भरिपूर्ण एक समृद्ध भूमि हो । यहाँका हरेक पर्व, संस्कार र परम्पराले नेपाली समाजको मौलिकता झल्काउँछ। ती मध्ये हरितालिका तीज नेपाली महिलाहरूले विशेष रूपमा मनाउने महत्वपूर्ण पर्व हो । तीजले महिलाहरूको जीवनसँग गाँसिएका सांस्कृतिक, पारिवारिक र भावनात्मक पक्षहरू उजागर गर्नुका साथै चेलीबेटी र माइतीबीचको सम्बन्धलाई अझ प्रगाढ र हार्दिक बनाउन महत्वपूर्ण भूमिका खेलेको छ।’ त्यस्तै ,यस पर्वले समाजमा सौहाद्र्रता, एकता, प्रेम, सद्भाव, विश्वास र भाइचाराको भावना सुदृढ गर्दै हाम्रो समाजलाई एक साझा फुलबारीका रूपमा प्रतिविम्वित गर्दै आएको उनको भनाई छ । यी पर्वहरूले हाम्रो सामाजिक जीवनलाई मात्र होइन, हाम्रो सांस्कृतिक पहिचानलाई समेत मजबुत बनाएको उनले बताए। रासस

# झापामा नागरिकताभन्दा राहदानी बनाउने धेरै

**झापा।**
जिल्लामा नागरिकता प्रमाणपत्रभन्दा राहदानी प्रमाणपत्र लिनेको सङ्ख्या धेरै छ। जिल्ला प्रशासन कार्यालयसहित दमक र गौरीगञ्जको इलाका प्रशासन कार्यालयबाट नागरिकता र राहदानी वितरण हुँदै आएको छ। सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाका अनुसार साउनमा झापामा एक हजार २८९ जनालाई नेपाली नागरिकता प्रमाणपत्र वितरण गरिएको छ । जबकि सोही महिनामा दुई हजार ३३३ जनालाई राहदानी प्रमाणपत्र वितरण भएको छ। नागरिकतामध्ये वंशजका आधारमा लिनेहरू एक हजार २३० जना छन् भने वैवाहिक अङ्गीकृत ५५ जनाले र गैरआवासीय नागरिकता चार जनाले लिएको निरौलाले बताए।

गत एक वर्षको तथ्याङ्कले समेत नागरिकताको तुलनामा राहदानी लिनेहरू धेरै रहेको देखाउँछ । आर्थिक वर्ष २०८१÷८२ मा झापामा २२ हजार ७७७ जनालाई नागरिकता प्रमाणपत्र वितरण गरिएको थियो ।सोही आवमा झापाबाट राहदानी प्रमाणपत्र लिनेको सङ्ख्या ३३ हजार २२४ पुगेको सहायक प्रजिअ निरौलाले जानकारी दिए । गत वर्ष नागरिकताको तुलनामा राहदानी लिनेहरू १० हजार ४४७ ले बढी थिए । उक्त आवमा बंशजको आधारमा २२ हजार ४० जनाले, वैवाहिक अङ्गीकृतको आधारमा छ सय ७५ जनाले र गैरआवासीयको आधारमा ६२ जनाले नेपाली नागरिकता प्रमाणपत्र लिएको पाइएको छ ।नागरिकता र राहदानीको तुलनामा राष्ट्रिय परिचयपत्रको कार्ड लिनेहरू अझ धेरै छन् । साउनमा झापामा पाँच हजार ७६७ जनालाई राष्ट्रिय परिचयपत्रको कार्ड वितरण गरिएको छ। साउन मसान्तसम्म झापामा तीन लाख ६० हजार ७७२ जनाले राष्ट्रिय परिचयपत्रको कार्ड लिइसकेको सहायक प्रजिअ निरौलाले जानकारी दिए। रासस

# ‘अशक्त र ज्येष्ठ नागरिकलाई राष्ट्रिय परिचयपत्र अनिवार्य छैन’

**काठमाडौँ।**
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने अशक्त, असहाय वा ९० वर्षभन्दा माथिको ज्येष्ठ नागरिकका हकमा राष्ट्रिय परिचयपत्र नभए पनि सेवा लिन कुनै बाधा नपर्ने प्रावधानको पुनःस्मरण गराएको छ।

विभिन्न स्थानीय तहले परिचयपत्र अनिवार्य रहेको भन्दै सेवा प्रवाहमा कठिनाइ भएको बताउँदै आएपछि विभागले उक्त प्रावधान स्मरण गराएको हो।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रयोजनका लागि ज्येष्ठ नागरिकले दुःख पाएको तथा अशक्तलाई पनि अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र नम्बर आवश्यक रहेको भन्ने गुनासो पछि विभागले थप स्पष्ट पारेको हो।

सरकारले २०८१ असार २० गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी विभिन्न सार्वजनिक सेवामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेको थियो।

सामाजिक सुरक्षा भत्ता, बिमा निवृत्तिभरण, राजस्व, सवारी चालक अनुमतिपत्र, कम्पनी दर्ता, बैंकिङ तथा वित्तीय सेवा, टेलिफोन तथा सिमकार्ड, सामाजिक सुरक्षा कोष र घरजग्गा कारोबारमा परिचयपत्र अनिवार्य गरिएको छ।

विभिन्न स्थानीय तह, सेवा प्रदायक निकायबाट अशक्त तथा ज्येष्ठ नागरिकलाई राष्ट्रिय परिचयपत्र नम्बर माग गरिएको र सोका लागि कष्टपूर्वक सेवा इकाइमा पुग्न परेको भन्ने सूचना र गुनासो प्राप्त भएकाले विभागले सोमबार एक सूचनामार्फत स्पष्ट पारेको विभागका निर्देशक मुकेशकुमार केशरीले जानकारी दिनुभयो।रासस

# तीज व्रत, संयम र आत्म–अनुशासनसँग गहिरो रूपमा जोडिएको छःप्रधानमन्त्री ओली

**काठमडौं।**
प्रधानमन्त्री केपी शर्मा ओलीले तीजलाई प्रायः गीत–नृत्यको पर्वका रूपमा मात्रै बुझ्ने गरिएको बताउँदै यसको मूल सम्बन्ध व्रत, संयम र आत्म–अनुशासनसँग गहिरो रूपमा जोडिएको बताएका छन्। मंगलबार हरितालिका तीजको अवसरमा शुभकामना सन्देश दिँदै उनले प्राचीन कालमा पतिपत्नी दुवैले सप्तऋषिको पूजा गर्दै व्रत बस्ने चलन रहेको पाइएतापनि समय क्रममा महिलामात्रै व्रत बस्ने परम्परा विकसित भइ अहिलेको समाजमा अझै नयाँ मतहरू पनि आएको बताए।

उनले भने,‘तीजलाई प्रायः गीत–नृत्यको पर्वका रूपमा मात्रै बुझ्ने गरिएको छ। तर यसको मूल सम्बन्ध व्रत, संयम र आत्म–अनुशासनसँग गहिरो रूपमा जोडिएको छ । प्राचीन कालमा पतिपत्नी दुवैले सप्तऋषिको पूजा गर्दै व्रत बस्ने चलन रहेको पाइन्छ । समय क्रममा महिलामात्रै व्रत बस्ने परम्परा विकसित भयो। अहिलेको समाजमा अझै नयाँ मतहरू पनि आएका छन्।’

उनले हाम्रो संस्कृतिले तीजलाई आत्मिक शुद्धता र दाम्पत्य जीवन सुदृढीकरणको व्रतोत्सवका रूपमा लिएको बताए।

# तीज मनाउने क्रममा देखिएका भड्किलोपन र खर्चिलोपन चिन्ताको विषयः पूर्वराष्ट्रपति भण्डारी

**काठमाडौं।**
पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले विवाहपश्चात् महिलाले जन्मघर छोडेर कर्मघरमा जीवन बिताउँदा उत्पन्न हुने भावनात्मक दूरीलाई कम गर्ने अवसरका रूपमा पनि तीजलाइ लिइने बताएकी छिन्।



मंगलबार तीज पर्वको अवसरमा शुभकामना दिँदै उनले तीज पर्वले चेली र माइती बीचको आत्मीयता, परिवार र साथी–सङ्गी बीचको न्यानो सम्बन्ध तथा समाजभित्रको भावनात्मक एकतालाई अझ प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताइन्।

उनले भनिन्,‘विवाहपश्चात् महिलाले जन्मघर छोडेर कर्मघरमा जीवन बिताउँदा उत्पन्न हुने भावनात्मक दूरीलाई कम गर्ने अवसरका रूपमा पनि तीजलाई लिइन्छ। यस पर्वले चेली र माइती बीचको आत्मीयता, परिवार र साथी–सङ्गी बीचको न्यानो सम्बन्ध तथा समाजभित्रको भावनात्मक एकतालाई अझ प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ’

उनले हरितालिका तीज पर्वले हाम्रो जीवनशैली, संस्कृति र सहिष्णुताको उज्ज्वल परम्परा बोकेको उल्लेख गरेकी छन्।

पछिल्ला वर्षहरूमा तीज पर्व मनाउने क्रममा देखिएको केही भड्किलोपन र खर्चिलोपन चिन्ताको विषय बनेको बताउँदै उनले सबैले यस पर्वसँग गाँसिएका धार्मिक र सांस्कृतिक मूल्यहरूलाई संरक्षण गर्दै, समाजमा देखिने विकृति र विसङ्गतिलाई हटाउन प्रयास गर्नु आवश्यक रहेको बताइन्। तीज पर्वलाई लैङ्गिक समानता र महिला सशक्तीकरणको लागि सामाजिक जागरण तथा सचेतना अभिवृद्धि गर्ने महत्वपूर्ण मञ्चका रूपमा समेत लिन सकिने उनको भनाई छ। रासस

# मनसुन कमजोर भएपछि धान रोपाइँ साढे तीन प्रतिशतले घट्यो

**काठमाडौं।**
यस वर्ष मनसुनको अनियमितताले देशभर धान रोपाइँमा उल्लेख्य गिरावट आएको छ । कृषि विभागका अनुसार साउन मसान्तसम्म मुलुकभर १३ लाख ६ हजार २९३ हेक्टर क्षेत्रफलमा मात्र धान रोपिएको छ, जुन कुल धान रोपाइँ हुने क्षेत्रफलको ९४.९ प्रतिशत हो। यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३.६४ प्रतिशतले कम हो ।विभागका वरिष्ठ कृषि अर्थविज्ञ तिलकराज चौंलागाईका अनुसार मनसुनको अनुकुलता नहुँदा विशेषगरी मधेश र कोशी प्रदेशमा रोपाइँमा ठूलो असर परेको हो । मधेशमा पानी नपरेर मध्ये मनसुनमै सुख्खाग्रस्त क्षेत्र घोषणा गर्नुपरेपछि यहाँ धान रोपाइँ घटेको उनले बताए।



**मधेशमा रोपाइँ साढे १० प्रतिशतले घट्यो**

देशको प्रमुख अन्न भण्डार मानिने मधेश प्रदेशमा यो वर्ष कुल क्षेत्रफलको मात्र ८६.३५ प्रतिशतमा धान रोपिएको छ, जुन अघिल्लो वर्षको ९७ प्रतिशतको तुलनामा साढे १० प्रतिशतले कम हो । ३ लाख ७० हजार हेक्टर जमिनमा धान खेती हुने मधेशमा मनसुनकै कारण रोपाइँ ढिलो भएको र धेरै स्थानमा बीउ छिप्पिएकाले उत्पादकत्वमा समेत असर पर्ने चौंलागाईको भनाइ छ।

कोशी प्रदेशमा पनि अघिल्लो वर्ष १०० प्रतिशत रोपाइँ भएकोमा यस वर्ष ९७.२४ प्रतिशतमा सीमित भएको छ । बागमती, गण्डकी, लुम्बिनी लगायतका अन्य प्रदेशमा पनि रोपाइँको दर केही कम देखिएको छ।

**बीउ ढिलो रोपिँदा उत्पादकत्वमा असर**

विशेषगरी मधेश र कोशी प्रदेशमा रोपिने उन्नत जातको धान छिट्टै रोप्नुपर्ने हुन्छ । बीउ राखेको २१ दिनभित्र रोपाइँ गर्न नसक्दा बीउ छिप्पिने र त्यसले उत्पादनमा प्रत्यक्ष असर गर्ने विज्ञहरुले बताएका छन् । धान उत्पादन घटेपछि धान तथा चामलको आयात बढ्ने र त्यससँगै खाद्यान्नको मूल्यमा समेत वृद्धि हुन सक्ने देखिएको छ । मनसुन कमजोर भएकोले यो वर्ष धान उत्पादनमा उल्लेखनीय गिरावट आउने देखिएको छ। यसले खाद्य सुरक्षा र महँगीमा असर पार्न सक्ने अनुमान विज्ञहरूले गरेका छन् । रासस

# मुख्य सडक चौडाइ रिटमा बहस भए पनि निर्णय स्थगित

**मधेशदृष्टि**
**वीरगंज ।**



वीरगंज महानगरपालिकाको मुख्य सडकको चौडाइ सम्बन्धी विवादमा सर्वोच्च अदालतमा मंगलबार सुनुवाइ भए पनि तत्काल फैसला हुन सकेको छैन । मुख्य सडकका २२ जना बासिन्दाले दर्ता गरेको उत्प्रेक्षण रिटमा बहस भए पनि न्यायाधीशहरूले यसअघिका सम्बन्धित फैसलाहरू अध्ययन गर्न निर्देशन दिँदै अर्को सुनुवाइका लागि पेसी तोकेका छन् । सडक विस्तारका विरोधमा मुद्दा दायर गरेका बासिन्दाहरूमा शिवजी कलवार, सुशीलादेवी रौनियार, मनोतीदेवी रौनियार, चन्द्रनारायण सिंह, राजकिशोर गुप्ता, गोविन्दप्रसाद अग्रवाल, राजेशकुमार रौनियार लगायत २२ जना छन् । उनीहरूले सडकको मापदण्ड पुरानो बिल्डअप क्षेत्रअनुसार कायम गर्नुपर्ने माग गर्दै असार ३२ गते नयाँ रिट दर्ता गरेका थिए । गत फागुन २८ गते सडक विस्तारविरुद्ध दायर भएका पाँच छुट्टाछुट्टै उत्प्रेषण रिटहरू सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र महेश शर्मा पौडेलले खारेज गरिसकेका थिए । तर, खारेजको पूर्ण पाठ प्राप्त नभएका कारण हालसम्म सडक विस्तारमा काम अघि बढ्न सकेको छैन । नयाँ रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सडक डिभिजन कार्यालय हेटौँडा, जिल्ला प्रशासन कार्यालय पर्सा र जिल्ला प्रहरी कार्यालय पर्सा विपक्षी बनाइएको छ । कानुन व्यवसायीहरूले एक पटक अदालतले आदेश दिइसकेको विषयमा पुनः त्यस्तो मुद्दा दर्ता हुनु न्यायिक प्रक्रिया विपरीत ठहरिने बताएका छन् । बासिन्दाहरूको तर्क अनुसार तत्कालीन मन्त्री विमलेन्द्र निधिले त्रिभुवन राजपथअन्तर्गतको सडक खण्डलाई पुरानो बिल्डअप क्षेत्रमा समावेश गरेपछि मापदण्ड विवाद सिर्जना भएको हो । उनीहरूले रोड चौडाइ २५ मिटर दायाँबायाँ कायम गर्नु नपर्ने र नयाँ भन्सार कार्यालय र बाइपास सडकलाई दृष्टिगत गर्नुपर्ने जिकिर गरेका छन् । सडक विभाग हेटौँडा कार्यालयले विगत ३० वर्षदेखि मुख्य सडक फराकिलो गर्ने सूचना जारी गर्दै आएको छ । तर, रिट र खारेजको प्रक्रियाले सडक विस्तार कार्य रोकिएको छ । सर्वोच्च अदालतले अर्को सुनुवाइमा पूर्व फैसलाहरूको अध्ययनपछि निर्णय गर्ने भएकाले वीरगंजको मुख्य सडक चौडाइ विवादमा नयाँ मोड आउने विश्वास गरिएको छ ।

# बृद्धबृद्धा र अशक्तलाई घरमै पुगेर कार्ड नविकरण

**मनोज माझी**
**सप्तरी ।**



राजविराज नगरपालिकाले जेष्ठ नागरिक तथा शारिरीकरुपमा अशक्त भएकाहरुको घरमै पुगेर सामाजिक सुरक्षा कार्ड नविकरण गर्न थालेको छ । पहिलो दिन राजविराज नगरपालिका–७ कि १ सय २ वर्षीया बचिया देवी यादव र ८१ वर्षीया जगदम्बा देवी देवको घरमै पुगेर सामाजिक सुरक्षा भत्ता कार्ड नविकरण गरिएको हो । भदौ मसान्तभित्र कार्ड नविकरण नगराए सरकारबाट पाउने उक्त सेवा सुविधाबाट वञ्चित हुने भएकाले बृद्धबृद्धा र शारिरीक रुपमा अशक्तको घरमै पुगेर नविकरण कार्य शुरु गरीएको राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीनले जानकारी दिइन् । वडा नम्बर–७ बाट शुरु भएको यो अभियान भदौ मसान्तभित्र क्रमिकरुपमा नगरका सबै १६ वटै वडामा पुग्ने उनको कथन छ । बढदो उमेर तथा शारिरीक रुपमा अशक्त भई हिँडडुल गर्न नसकि नविकरणका लागि वडा कार्यालय पुग्न नसक्नेहरुको पहिचान र अवस्थाबारे समेत जानकारी लिई नविकरण गर्न थालिएको उनले सुनाइन् । यसले जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई सहज हुने उनको भनाइ छ । जनताको काम गर्ने क्रममा कार्यवाहक नगर प्रमुख परवीनको नेतृत्वमा पहिलो दिन वडा नं ७ मा नगरपालिकाका पञ्जिकरण शाखा प्रमुख रविन्द्र साह, वडा सचिव अमरनाथ दत्त, वडा सदस्य रामानन्द देव सहितको टोलीले उनीहरुको घरमै पुगेर कार्ड नविकरण गरेको छ । शारिरीक रुपले हिँडडुल गर्न नसक्ने बचिया देवी र जगदम्बा देवी घरमै कार्ड नविकरण गराउन पाउँदा खुशी भइन् । वडा सदस्य रामानन्द देवले दुर्घटनामा परेर तिघ्राको हडी भाँचि स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका लागि भर्ना रहेका हरिनारायण लाल देवलाई बुधवार अस्पतालमै पुगेर टोलीले स्वास्थ्य अवस्थाबारे जानकारी लिनुका साथै उनको सामाजिक सुरक्षा भत्ता कार्ड नविकरण गर्ने तयारी गरिएको जानकारी दिए ।

यसका लागि विरामी देवका आफन्त र अस्पताल प्रशासनलाई जानकारी समेत गराइएको उनले बताए । सरकारबाट जेष्ठ नागरिक तथा अशक्त अपाङ्गलाई प्रदान गरिएको उक्त सेवा सुविधाबाट कोही पनि वञ्चित नहोस् भन्ने उदेश्यका साथ नविकरण कार्यलाई घरदैलो कार्यक्रमको रुपमा अघि बढाइएको राजविराज नगरपालिकाले जनाएको छ ।




# श्रमिकहरूको अधिकार संरक्षणका लागि निरन्तर क्रियाशील हुनुपर्छः मुख्यमन्त्री



**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले श्रमिकहरूको अधिकार संरक्षणमा कुनै कमजोरी हुन नदिन विदेशस्थित नेपाली कूटनीतिक नियोग क्रियाशील हुनुपर्ने बताएका छन् ।

मलेसियास्थित नेपाली दूतावासमा मंगलबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले विदेशमा रहेर नेपालको आर्थिक क्षेत्रमा महत्त्वपूर्ण सहयोग गर्ने श्रमिकको अधिकारका लागि दूतावासले विशेष ध्यान दिनुपर्नेमा जोड दिए । मुख्यमन्त्रीको सचिवालयका अनुसार विशेषगरी मलेसियामा नेपाली सेक्युरिटी गार्डहरूमाथि भइरहेको श्रम शोषण र अन्यायपूर्ण व्यवहारबारे गम्भीरतापूर्वक ध्यान दिन मुख्यमन्त्रीले आग्रह गरेका छन् । यस अवसरमा मुख्यमन्त्री सिंहसँगै जनमत पार्टीका केन्द्रीय सदस्य तथा पर्सा जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफ र सर्लाही जिल्ला इञ्चार्ज श्रीचन यादव पनि सहभागी भएको मुख्यमन्त्री सचिवालयले जनाएको छ । छलफलमा नेपाली राजदूत डा. नेत्रप्रसाद तिमिल्सिना, दूतावासका कर्मचारी, एनआरएनए मलेसियाका अध्यक्ष राकेशप्रसाद महतोसहित पदाधिकारीहरू, एनआरएमए मलेसियाका अध्यक्ष महेश यादव ‘निराला’ तथा मलेसियामा कार्यरत श्रमिक प्रतिनिधिहरूको सहभागिता रहेको थियो । रासस

# चौरचन पर्व मनाइयो



**जनकपुरधाम ।**
परिवारको सुख, समृद्धिको कामना गर्दै मिथिलाञ्चल क्षेत्रमा हर्षोल्लासका साथ मंगलबार चौठचन्द्र अर्थात् चौरचन पर्व मनाइएको छ । चन्द्रमालाई अर्घ दिएर यो पर्व मनाउने गरिन्छ । विशेषगरी तराई–मधेशमा बसोबास गर्ने हिन्दू धर्मावलम्बीका घरघरमा परिवारको सुख र समृद्धिको कामना गर्दै यो पर्व मनाउने प्रचलन रहेको संस्कृतिविद् काशिकान्त झाले बताए । गणेश चतुर्थीका दिन साँझ बर्तालुहरूले आ–आफ्ना घरको आँगन तथा कौसीबाट उदाउँदो चन्द्रमालाई अर्घ दिएर यो पर्व मनाउने गर्दछन् । संस्कृतिविद् झाका अनुसार भगवान् गणेशको श्रापबाट मुक्त हुन चन्द्रमाको पूजा गर्ने धार्मिक जनविश्वाससहित चौरचन पर्व मनाउने प्रचलन रहिआएको छ । पण्डित कुशेश्वर उपाध्यायले भने, ‘चन्द्रमाले गणेशको पूजा गरेपछि गणेश प्रसन्न भएर श्रापमुक्त गरेको, भदौ महिनाको शुक्ल चतुर्थीका दिन जसले तिमीलाई हेर्नेछ, उसलाई कलङ्क लाग्दैन, पापबाट उसले मुक्ति पाउनेछ र चतुर्थीको चन्द्रमा दर्शन गरेपछि मनोवाञ्छित फलसमेत प्राप्ति हुन्छ भनी गणेशले भनेको विषय धार्मिक शास्त्रमा उल्लेख छ । सोही धार्मिक जनविश्वासलाई आत्मसात् गरी विशेष महत्वका साथ मिथिलाञ्चल क्षेत्रमा बडो निष्ठापूर्वक यो पर्व मनाइँदै आएको छ ।’ यस पर्वमा व्रतालु महिला दिनभर निराहार रहेर पुरी, खीर तथा विभिन्न प्रकारका पकवानहरू बनाउने गदर्छन् । यसैगरी मिठाइका प्रकारहरू तयार गरी दही, नरिवल, केरालगायत उपलब्ध फलफूलसमेत पूजा सामग्रीका रूपमा राख्ने गरिन्छ । माटाको भाँडामा दही जमाएर चढाउने यस पर्वको विशिष्टता रहेको छ । पर्व प्रयोजनका लागि दूधलाई राम्रोसँग तताएर छालीसमेत ननिकाली नयाँ भाँडोमा दही जमाइन्छ । चौठीचान बाबाको प्रतीकका रूपमा चन्द्रमालाई अर्घ दिनका लागि बर्तालु महिलाले पुरी तथा खीर बनाउनका लागि प्रयोग गरिने चामल निकै सावधानीपूर्वक राख्ने गरिन्छ । कुटानी–पिसानीसमेत पवित्रताका साथ गरिन्छ । चौरचनका लागि शुद्धता होस् भनी जाँतोमा चामल पिँधेर पिठो तयार गरी पुरी बनाइन्छ । सोही पिठोबाट पुरी, पेरुकिया, खजुरिया आदि बनाइने प्रचलन अहिले पनि रहिआएको छ । साथै निष्ठापूर्वक यो पर्व मनाएमा ‘चर्मरोग’ निको हुनेसमेत जनविश्वास रहेको आध्यात्मिक गुरु नयनकुमार रायले बताए । उनले भने, ‘यस पर्व मनाउने क्रममा साँझको समयमा घरको आँगनमा माटो र गोबरले लिपपोत गरिन्छ । उक्त स्थानमा चामललाई पिँधेर बनाइएको घोल (पिठार)ले अरिपन (चौका) लगाइन्छ । त्यसपछि ‘चौठीचान’लाई चढाउनका लागि तयार पारिएको पुरी, खजुरिया, पेरुकीया, खीर, फलफूल, दहीलगायत पकवान तथा मिष्ठान्नहरू सजाएर राखिन्छ ।’ त्यसैगरी पूजास्थलमै बस्नका लागि पिर्का वा आसन राखिएको हुन्छ । बस्नका लागि राखिएको पिर्काअगाडि केराको पातमा प्रसादका रुपमा विभिन्न परिकारहरू चढाउने गरिन्छ । सूर्य अस्ताएपछि साँझ हँसिया आकारको उदाउँदो चन्द्रमालाई सम्पूर्ण सामग्रीको अर्घ दिइन्छ । यसैगरी सम्पूर्ण परिकार तथा पकवानहरू चौठीचान (चौठचन्द्र) लाई समर्पण गरिसकेपछि अन्त्यमा जलढार (जलब चढाएर) गरिन्छ । त्यसपछि परिवारका पुरुष सदस्य ‘मडर’मा बसेर प्रसाद ग्रहण गर्दछन् । अर्घ दिएपछि परिवारका अन्य सदस्यहरूसमेत प्रसाद ग्रहण गर्दछन् । हँसिया आकारको चन्द्रमा पश्चिम–दक्षिणतर्फ आकाशमा देखिएपछि अर्घ दिइन्छ । कुनै वर्ष कालो बादल लागेर वा पानी परेर चन्द्रमा आकाशमा नदेखेपछि केहीबेर हात जोडेर दर्शन दिन बिन्ती गरिन्छ । यसका अतिरिक्त प्रायः पर्वहरू घरपरिवार तथा परिवारजनको सुख–समुद्धिका लागि गरिन्छ । तर, यो पर्व भने घरमा पालिएका पशुचौपायाका लागि समेत गरिन्छ । चौरचन पर्वमा आँगनमाझमा गाईको गोबरले लिपेर चामलको पिठोले बनाइएको अरिपन (चतुष्कोण) यज्ञस्थलमा दीप प्रज्वलित गर्दै बर्तालुले फलफूल र मिष्ठान्न परिकार चन्द्रमालाई देखाएर पर्व समापन गर्ने परम्परा रहिआएको छ । रासस

# भूमि विधेयकविरुद्ध विरोध प्रदर्शन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**



जनता समाजवादी पार्टी नेपाल निकट भातृ संगठन समाजवादी मुस्लिम संघ, नेपाल जिल्ला समिति धनुषाको आयोजनामा भूमि सम्बन्धी विधेयकविरुद्ध विरोध प्रदर्शन गरिएको छ । समाजवादी मुस्लिम संघका नेता मो. कलिम राईनको नेतृत्वमा भएको प्रदर्शनमा सहभागीहरूले केपी ओली नेतृत्वको सरकारले अघि बढाएको भूमि सम्बन्धी विधेयक ‘राष्ट्रहित विपरीत’ भएको आरोप लगाएका छन् ।

प्रदर्शनकारीहरूले वन क्षेत्रको अतिक्रमण रोक्न, जैविक विविधता र वातावरण संरक्षण गर्न, साथै जल, जंगल र भूमिको सुरक्षा सुनिश्चित गर्न आन्दोलनमा उत्रिएको बताएका छन् । वक्ताहरूले उक्त विधेयकले मधेशी जनताको अधिकार हरण गर्ने उद्देश्य राखेको दाबी गरे । उनीहरूले विधेयक फिर्ता नगरे मधेशमा मधेशीहरूलाई अस्तित्वहीन बनाउन र पहाडी समुदायलाई सुकुम्बासीको नाममा जमिन वितरण गरी मधेशीलाई अल्पसंख्यक बनाउने प्रयास भएको बताए । विरोधमा सहभागीहरूले विधेयक फिर्ता नभएसम्म आन्दोलन जारी रहने चेतावनी दिएका छन् । उनीहरूले जल, जमिन र जंगलमा आफ्नो अधिकार रक्षा गर्न मधेशी जनताले कडा प्रतिकार गर्ने चेतावनी दिएका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन